# वैयक्तिक तथा सम्पत्ति विवरण

ईश्वर प्रसाद खतिवडा
पूर्व न्यायाधीश, सर्वोच्च अदालत

**प्राक्कथनः**

नेपाल सरकारबाट गठित सम्पत्ति छानविन आयोग, २०८३ समक्ष आफ्नो सम्पत्ति विवरण पेश गर्ने वा बुझाउने कुरालाई मैले उचित, आवश्यक र कानूनसंगत् ठानेको छैन। आयोग गठन भएपछि विवरण पेश गर्ने र नगर्ने विषयमा दुई धारका विचार सार्वजनिक चर्चामा आएका कुराहरु सार्वजनिक संचार माध्यमबाट मेरो जानकारीमा आएका छन्। विवरण पेश गर्नु पर्दछ भनी दृष्टिकोण राख्नेहरुका हकमा मेरो भन्नु पनि केही छैन। त्यसलाई वहाँहरुकै विवेकाधीन विषय ठान्दछु। तर आयोगमा सम्पत्ति विवरण पेश गर्नु नपर्ने विविध तर्कहरु अगाडि सार्दै सार्वजनिक रुपमा अभिव्यक्ति दिने केही व्यक्तिहरुले लगत्तै आयोगमा आफ्नो सम्पत्ति विवरण पेश गर्न दौडधुपमा लागेको भन्ने सुन्नु पर्दा भने आश्चर्य लागेको छ। दृष्टिकोणमा देखा परेको यस प्रकारको ढुलमुले वा दोधारेपनबाट मूल विषयलाई धमिल्याउने, गिजोल्ने र अलमलमा पार्ने काम भएको छ भन्ने पनि मलाई लाग्दछ। यसका अतिरिक्त, आयोगमा सम्पत्ति विवरण पेश नगर्नेहरुका हकमा सार्वजनिक चर्चामा आएका केही टिप्पणी र केही खास कोणबाट उठाईएका अनावश्यक र भ्रामक प्रश्नहरु सम्वन्धमा भने मेरो अझ खास रुपमा ध्यानाकर्षण भएको छ। यसरी उठाईएका प्रश्न वा जिज्ञासा सम्बन्धमा आफ्नो दृष्टिकोण प्रष्ट पार्दै कसैमा कुनै प्रकारको भ्रम वा संशय नरहोस् भन्ने हेतुले अहिले म आफ्नो वैयक्तिक तथा सम्पत्ति विवरण सार्वजनिक गर्दैछु।

प्रेस वा संचार जगतलाई राज्यको चौथो अङ्ग मानिन्छ। राज्य व्यवस्थामा भैरहेका गतिविधिहरुका सम्वन्धमा आम नागरिकका वीच सूचना प्रवाह गर्ने काम प्रेसबाट नै हुने गर्दछ। अर्को शव्दमा भन्ने हो भने प्रेसले राज्य व्यवस्था र आम सर्वसाधारणका वीच सूचना/सम्वाद प्रवाह गर्ने कुरामा पुलको रुपमा पनि भूमिका निर्वाह गर्दछ। अहिले म कुनै पदीय हैसियतमा रहेको नभएर स्वतन्त्र नागरिकको रुपमा रहेको छु। मैले सार्वजनिक जानकारीमा पुर्याउनु पर्ने सूचना सम्प्रेषणको स्वभाविक माध्यम पनि प्रेस जगत नै हुन सक्तछ। प्रेस लोकतन्त्रको एउटा महत्वपूर्ण धरोहर, आधारशिला तथा पारदर्शिता प्रबर्धन गर्ने माध्यम पनि हो। त्यसैले मैले आफ्नो वैयक्तिक र सम्पत्ति विवरण पनि संचार जगत (प्रेस) कै माध्यमबाट सार्वजनिक गरेको छु।

**१. सम्पत्ति छानविन आयोग, २०८३ मा मैले आफ्नो सम्पत्ति विवरण पेश नगर्ने कारणः**

(१) सर्वोच्च अदालतको न्यायाधीश भैसकेको कुनै पनि व्यक्तिले सम्पत्ति छानविन आयोग जस्ता नेपाल सरकार, मन्त्रिपरिषदबाट भएको कार्यकारिणी निर्णयका आधारमा गठन भएका सरकारी आयोगमा रहेर काम गर्ने गरी सरकारी पद स्वीकार गर्न संविधानको धारा १३२ को उपधारा (२) अनुसार मिल्दैन भन्ने म ठान्दछु। संविधानको उल्लिखित धारा १३२(२) मा **"प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन"** भन्ने प्रष्ट र किटानी प्रावधान रहेको छ। सम्पत्ति छानविन आयोग २०८३ कुनै संवैधानिक हैसियतको आयोग वा राजनीतिक प्रकृतिको निकाय वा प्राज्ञिक निकाय होईन। सरकारी (कार्यकारिणी) निर्णयबाट गठन भएको र राज्य कोषबाट तलव, भत्ता, वा सुविधा भुक्तानी गरिने यो आयोग आधारभूत रुपमा सरकारी कार्यालय सरहको आयोग हो र आयोगका अध्यक्ष लगायतका पदाधिकारीहरुको पद "सरकारी पद" हो भन्ने म ठान्दछु। सर्वोच्च अदालतका पूर्व न्यायाधीशलाई यस्ता आयोगको काममा सामेल हुन पाउने गरी **"संविधानमा अन्यथा उल्लेख भएको"** वा **"संलग्न हुने छुट वा सुविधा दिईएको"** पनि देखिदैन। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८७ को उपधारा (१२) मा त्यस प्रकारको छुट सम्वन्धी प्रष्ट प्रावधान उल्लेख गरिएको थियो। पहिले छुट वा अनुमति दिईएको विषयमा पछि बनेको संविधानमा त्यस प्रकारको प्रावधान समावेश नगरिनुको स्वभाविक अर्थ छानविन जस्ता कार्यमा संलग्न हुने छुट वा सुविधा नदिने भन्ने अभिप्राय संविधान निर्माताले राखेको भनी अर्थ लगाउनु नै तार्किक हुन्छ। संविधान तथा कानून व्याख्याको सिद्धान्तले पनि यही कुरा निर्दिष्ट गर्दछ।

(२) अहिले संविधानको धारा १३२(२) मा रहेको प्रावधानको प्रतिकूल हुने गरी सर्वोच्च अदालतको न्यायाधीश भइसक्नु भएका श्री राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा सम्पत्ति छानविन आयोग गठन गरिएको छ। वैयक्तिक सम्वन्धका दृष्टिले पूर्व न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारीप्रति मेरो कुनै पूर्वाग्रह छैन। वहाँ सेवागत हिसावले मेरा अग्रज नै हुनुहुन्छ। म वहाँप्रति हार्दिकतापूर्वक आदर र सद्भाव नै राख्दछु। यहाँ उल्लेख गरिएको प्रसंग कुनै व्यक्तिगत कुरा नभएर संविधान र कानूनको पालना गर्ने सैद्धान्तिक मान्यताको कुरामा केन्द्रित रहेको छ। सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा गठन गरिएको कारणबाट मेरो दृष्टिमा संम्पत्ति छानविन आयोग स्वयममा नै अवैधानिक बन्न

पुगेको छ। यसरी अवैधानिक रुपमा गठित सम्पत्ति छानविन आयोग, २०८३ मा आफ्नो सम्पत्ति विवरण पेश गर्नु मेरालागि शोभनीय हुदैन भन्ने मेरो दृष्टिकोण रहेको छ।

(३) मेरो उपरोक्त अनुसारको धारणा वा दृष्टिकोण अहिले मात्र पैदा भएको होईन। यस प्रकारको दृष्टिकोण अगाडिदेखि नै रहेको कारणबाट पहिलेदेखि नै मैले स्वयम् आफूलाई सरकारी छानविनको कामबाट अलग राख्ने काम पटक-पटक गरेको पनि थिएँ। यस कुराका केही उदाहरणहरु निम्नानुसार रहेका छनः

(क) करिव डेढ/दुई वर्ष अगाडिको कुरा हो। हवाई सुरक्षाको विषयमा अध्ययन, छानविन गरी सरकारलाई प्रतिवेदन दिन नेपाल सरकारबाट एउटा आयोग गठन गर्न लागिएको रहेछ। तत्कालीन पर्यटन मन्त्री माननीय श्री बद्रि पाण्डे स्वयमले मसंग उक्त आयोगको अध्यक्षको हैसियतले जिम्मेवारी लिन प्रस्ताव गर्नु भएको थियो। उक्त प्रस्तावलाई मैले हार्दिकतापूर्वक नै अस्वीकार गरेको थिएँ।

(ख) "मिटर-व्याज" लिएर सर्वसाधारणलाई ठगी (शोषण) गरेको विषयमा छानविन गर्ने प्रयोजनका लागि तत्कालीन उपप्रधान तथा गृहमन्त्री माननीय श्री रवि लामिछानेको सचिवालयका कुनै पदाधिकारीले (अहिले वहाँको नाम सम्झना भएन) मसंग प्रस्ताव राख्नु भएको थियो। वहाँहरुको त्यो प्रस्ताव पनि मैले स्वीकार गरिन।

(ग) महेन्द्र संस्कृत विश्वविद्यालय, दाङको हिनामिना भएको जग्गा सम्बन्धमा छानविन गर्न मसंग तत्कालीन शिक्षा मन्त्री माननीय श्री सुमना श्रेष्ठले आग्रह गर्नु भएको थियो। वहाँको सदाशयतापूर्वकको उक्त प्रस्ताव पनि मैले स्वीकार गर्न सकिन।

(घ) २०८२ सालमा चुनावी सरकार गठन हुँदाको अवस्थामा सरकारमा सामेल हुन तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्की स्वयमले मलाई भन्नु भएको थियो। पछि २०८२ भदौ २३ र २४ को घटना सम्बन्धमा छानविन गर्ने कामका लागि पनि वहाँले मसंग कुरा गर्नु भएको थियो। वहाँको त्यो विश्वास र सदाशयतापूर्ण प्रस्तावलाई पनि मैले स्वीकार गर्न सकिन। त्यसबेला मैले वहाँलाई संविधानको धारा १३२(२) को सन्दर्भ उल्लेख गर्नु वेमौसमी कुरा हुन्छ भन्ने ठानें। तत्कालीन विशेष र असहज परिस्थितिमा एउटा चुनौतीपूर्ण ऐतिहासिक जिम्मेवारी ग्रहण गरेर न्यायाधीशको पृष्टभूमिका व्यक्तिहरु सरकारमा सामेल भैसकेको अवस्थामा योग्यता सम्वन्धी प्रश्न उठाउनु समय-परिस्थिति अनुसार सान्दर्भिक र उचित थिएन। त्यसैले

सामान्य रुपमा नै मलाई गरिएको प्रस्ताव स्वीकार गर्न असमर्थ रहेको कुरा व्यक्त गरेको थिएँ।

(ङ) अहिले गठन गरिएको सम्पत्ति छानविन आयोगको अध्यक्षको हैसियतले जिम्मेवारी लिन पनि एकजना बहालवाला न्यायाधीश मार्फत मलाई सोधिएको थियो। निज न्यायाधीश हालसम्म पदमा वहाल नै रहनु भएको हुँदा वहाँको नाम यहाँ उल्लेख गर्नु उचित नहोला। यसरी गरिएको प्रस्तावलाई कदाचित् मैले स्वीकार गरेको हुन्थ्यो भने पनि अन्ततः उल्लिखित जिम्मेवारी मलाई दिईन्थ्यो वा दिईदैनथ्यो भन्ने कुरामा भने म प्रष्ट छैन। तर, अरु कुरा जेसुकै भए पनि मेरालागि त्यो प्रस्ताव प्रारम्भिक रुपमा नै स्वीकार्य बन्न सकेन। मैले उल्लिखित प्रस्ताव पनि अस्वीकार गरेकै हो।

(४) यस्ता दृष्टान्तहरु अरु पनि छन्। निःसन्देह मसंग त्यसरी प्रस्ताव गरिँदाको अवस्थामा म फुर्सदमा नै रहेको थिएँ र अहिले पनि मलाई फुर्सद नै छ। उल्लिखित जिम्मेवारी लिईएको भए अवश्य नै जिम्मेवारी पुरा गर्न सकिन्थ्यो भन्ने पनि मलाई लाग्दछ। तर संविधानको धारा १३२(२) मा रहेको प्रावधानको कारणबाट नै मसंग गरिएका उपरोक्त अनुसारका हार्दिकतापूर्ण प्रस्तावहरु स्वीकार गर्न सकिन। यो अस्वीकारोक्ति संवैधानिक प्रावधानप्रतिको मेरो निष्ठा र समर्पणको परिणाम थियो। मेरो दृष्टिमा अध्ययन, छानविन जस्ता काम गर्न गठित सम्पत्ति छानविन आयोग वा समिति जस्ता निकायहरु न कुनै संवैधानिक निकाय हुन्, न त राजनीतिक। यो आयोग न्यायिक वा प्राज्ञिक निकाय पनि होईन। त्यस्ता अन्य कुनै निकायको परिभाषा भित्र नपरेका नेपाल सरकारको कार्यकारिणी अङ्ग (मन्त्रिपरिषद) को निर्णय अनुसार गठन भएका निकायहरुलाई "सरकारी निकाय" र त्यसका लागि तोकिएको पदलाई "सरकारी पद" भनी मान्नु पर्दछ भन्ने मेरो प्रष्ट र एकीन दृष्टिकोण रहेको छ। केवल "आयोग", "समिति", "कार्यदल" भन्ने जस्ता नामाकरण गर्दैमा यस्ता सरकारी कार्यालयको कानूनी हैसियत परिवर्तन हुँदैन। मेरो दृष्टिमा "सम्पत्ति छानविन आयोग" सरकारी कार्यालय नै हो र यसका पदाधिकारीहरु रहेको पद "सरकारी पद" नै हो। त्यसैले जीवनभर संविधान र कानूनको पालना गर्ने आदर्श अँगालेर हिडेको व्यक्तिको लागि सरकारी आयोगको जिम्मेवारी स्वीकार गरेर संविधानमा रहेको प्रावधान प्रतिकूल केही दिन थप "जागिर" खाएर केही सरकारी भत्ता रकम ग्रहण गर्ने कुरामा मलाई कुनै आकर्षण नभएको हो। यस पृष्टभूमिमा उभिएको मेरालागि अहिले आएर संविधानको धारा १३२(२) प्रतिकूल गठित सम्पत्ति छानविन आयोगमा विवरण पेश गरेर आत्मसमर्पण गर्नु विवेकपूर्ण लागेन।

यसका अतिरिक्त यस्तै प्रकृतिका आयोगको अध्यक्षको हैसियतमा रहेर जिम्मेवारी लिने कुरामा जुन मान्यता अगाडि सारेर वा दृष्टिकोण बनाएर मैले असहमति जनाएको थिएँ, अहिले त्यस्तै प्रकृतिको आयोगको वैधानिकता र क्षेत्राधिकारलाई स्वीकार गरेर **<u>विवरण पेश गर्दा विरोधाभाषपूर्ण (दोहोरो मापदण्ड अपनाएको देखिने) काम र व्यवहार</u>** हुन जान्छ भन्ने पनि मैले ठानेको छु। यो कुरा पनि सम्पत्ति छानविन आयोग २०८३ मा आफ्नो सम्पत्ति विवरण पेश नगर्ने अर्को एउटा कारण बन्न गएको छ।

(५) संविधानमा रहेको व्यवस्थाको कुरामा समर्पणको कुरा लागु हुँदैनन्। २०७२ सालमा वर्तमान संविधान जारी भैसकेपछिका दिनमा पनि सर्वोच्च अदालतका न्यायाधीश भैसकेका व्यक्तिले सरकारी पद (आयोग, समिति) मा रहेर काम गरेका अरु कुनै उदाहरण पनि होलान्। त्यस्ता अभ्यासहरु संवैधानिक प्रावधानका दृष्टिले त्रुटिपूर्ण नै हुन् भन्ने म ठान्दछु। संविधानलाई कसैले कुनै समयमा त्रुटिपूर्ण रुपमा प्रयोग गरेको थियो भन्दैमा त्यसलाई सर्वकालीन नजिरको रुपमा स्वीकार गर्न सकिदैन। संवैधानिक प्रावधान कुनै व्यक्तिले समर्पण गर्दैमा आमरुपमा समर्पित हुने कुरा पनि होईन। विगतमा भएका त्रुटि, कमी, कमजोरीको दृष्टान्त अगाडि सारेर अर्को त्रुटिको औचित्य प्रमाणित हुँदैन। हिजोका दिनमा कुनै त्रुटिपूर्ण काम वा व्यवहार भएका थिए भने त्यसलाई सच्याउनु वा सुधार गर्नु नै बुद्धिमानी हुन्छ। त्यसैले पनि विगतको कुनै दोषपूर्ण उदाहरण अगाडि सारेर सम्पत्ति छानविन आयोग गठनको संवैधानिक हैसियत वा औचित्य प्रमाणित होला भनी सम्झन मिल्दैन भन्ने मेरो दृष्टिकोण रहेको छ।

(६) पूर्ववर्ती संविधान (नेपाल अधिराज्यको संविधान, २०४७) को धारा ८७ को उपधारा (१२) मा रहेको प्रावधान फरक किसिमको थियो। यस धाराले सर्वोच्च अदालतका सेवा निबृत्त न्यायाधीशलाई **"<u>न्यायिक जाँचबुझ गर्ने वा न्याय वा कानून सम्वन्धी अध्ययन, खोज वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न</u>"** अनुमति प्रदान गरेको थियो। त्यसैले साविकमा सेवा निबृत्त न्यायाधीशहरुलाई न्यायिक जाँचबुझ आयोग जस्ता निकायमा रहेर काम गर्ने जिम्मेवारी दिने गरिएको पनि थियो। औचित्यको दृष्टिले त्यस कुरालाई म आवश्यक र उचित कार्य भन्ने नै ठान्दथें र ठान्दछु पनि। वर्तमान संविधानमा त्यस प्रकारको प्रावधान छैन। हाल प्रचलित संविधानमा संशोधन हुँदाका अवस्थामा धारा १३२(२) को प्रावधानमा पुनरावलोकन गरिनु आवश्यक छ भन्ने पनि मलाई लाग्दछ। तर, जवसम्म संविधानको धारा १३२(२) को प्रावधान यथावत रहन्छ,

तबसम्म संविधानका भाषा र शव्दहरु उपर थिचोमिचो गरेर विकृत प्रयोगको अभ्यास गरिनु हुँदैन। संविधानको पालना नगर्ने छुट कसैलाई पनि हुँदैन। यसैले संविधानको उक्त धारा १३२(२) यथावत कायम रहेसम्म मैले त्यस्ता कुनै आयोगमा रहेर जिम्मेवारी पुरा गर्नबाट अलग रहने दृष्टिकोण बनाएको हो। यस अवस्थामा सम्पत्ति छानविन आयोग जस्ता आयोग, समिति, कार्यदल आदि सरकारी कार्यालयको क्षेत्राधिकार भित्र आफूलाई समर्पण गर्न पनि स्वभाविक रुपमा म असमर्थ नै छु।

(७) कदाचित् सम्पत्ति छानविन आयोगको गठन संविधान र कानूनसम्मत रुपमा गरिएको हुन्थ्यो भने पनि यसरी गठन गरिने आयोगमा आफ्नो सम्पत्ति विवरण पेश गर्न म आवश्यक ठान्दिन। न्यायपालिकाको स्वतन्त्रतासंग न्यायाधीशको स्वतन्त्रता र वैयक्तिक प्रतिष्ठा अन्योन्याश्रित रुपमा अन्तर-सम्वन्धित रहन्छ। नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको मान्यतालाई आत्मसात् गरेको छ। सोही अनुसार न्यायाधीशको पदीय सेवा र सुरक्षाको पनि प्रत्याभूति दिएको छ। यस प्रकारको स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति सेवाबाट निबृत्त भएपछि पनि कायम रहन्छ। यस पृष्टभूमिमा हेर्दा सर्वोच्च अदालतका पूर्व न्यायाधीशलाई सरकारी आयोगबाट हुने छानविनको दायरामा राखु संविधानले आत्मसात् गरेको मान्यता प्रतिकूल हुन्छ भन्ने मैले ठानेको छु।

(८) नेपालको संविधान, २०७२ को धारा २३९ को उपधारा (१) बमोजिम ***"कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ"***। उक्त उपधाराको प्रतिवन्धात्मक प्रावधानमा ***"तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन"*** भन्ने व्यवस्था रहेको छ। सर्वोच्च अदालतको न्यायाधीश भैसकेको व्यक्ति "संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी" र "अन्य कानूनले (न्याय परिषद ऐनले) छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी" भएबाट मेरो हकमा यो उपधारा (१) को प्रावधान आकर्षित हुनै सक्तैन।

(९) संविधानको धारा २३९ को उपधारा (२) मा ***"धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिको हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ"*** भन्ने उल्लेख छ। म संविधानको धारा १०१ बमोजिम

महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने प्रकृतिको पदमा बहाल रहेको थिएँ। तर म सो धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्ति होईन। ईज्जत र प्रतिष्ठापूर्वक उमेर हदको कारणबाट सेवा निबृत्त भएको मेरो हकमा अव राज्यका कुनै निकायले मेरो निष्ठासंग जोडिएको विषयमा प्रश्न उठाई कुनै तबरबाट छानविन गर्न पाउने होईन। संविधानका अरु कुनै प्रावधानले सर्वोच्च अदालतको न्यायाधीश पदबाट निबृत्त भएको व्यक्ति उपर छानविन र कारवाही गर्ने अख्तियारी सम्पत्ति छानविन आयोग जस्ता सरकारी निकायलाई प्रदान गरेको छैन। संविधानको यस प्रकारका प्रावधानहरु स्वतन्त्र न्यायपालिकाको मूल्य, मान्यता, आदर्श र सिद्धान्त अनुसार व्यवस्थित गरिएका संरक्षणकारी प्रावधानहरु हुन्। संविधानले प्रदान गरेको संरक्षण सम्बन्धी व्यवस्था मेरो हकमा समेत आकर्षित हुन्छन् नै। संविधानले प्रदान गरेको संरक्षण सम्बन्धी प्रावधान प्रतिकूल हुने गरी कसैले कसैलाई पनि बञ्चित गर्न मिल्दैन। त्यसैले पनि कथित सरकारी आयोगले मेरो सम्पत्ति सम्बन्धमा छानविन गर्नु स्वतन्त्र न्यायपालिकाको सिद्धान्त, मूल्य, मान्यता र मेरो वैयक्तिक प्रतिष्ठा प्रतिकूलको कार्य हुन जान्छ भन्ने मैले ठानेको छु।

(१०) सम्पत्ति छानविन आयोग, २०८३ ले सर्वोच्च अदालतका बहालवाला न्यायाधीश र पूर्व न्यायाधीशको हकमा विभेदकारी व्यवहार अपनाएको छ। बहालवालाहरुलाई विवरण पेश गर्नु नपर्ने वर्गमा वा दायरामा राखेर पूर्व न्यायाधीशहरु उपर किन फरक मापदण्ड अपनाईयो भन्ने कुराको कुनै तार्किक कारण देखिदैन। त्यस प्रकारको वर्गीकरण तार्किक र उचित छैन भन्ने मलाई लाग्दछ। यस प्रकारबाट गरिएको वर्गीकरणलाई तार्किक वर्गीकरण (Reasonable Classification) मान्न सकिदैन। यसरी हचुवा तबरबाट गरिएको सरकारी व्यवस्थापनको कुरामा समर्पण गर्नु एउटा स्वाभिमानी पूर्व न्यायाधीशको लागि शोभनीय कुरा होईन भन्ने म ठान्दछु।

**<u>स्पष्टीकरणः</u>** माथि उल्लेख गरिएको कुराको अर्थ सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरुबाट समेत विवरण मागिनु वा लिईनु पर्दथ्यो भन्ने मेरो आशय होईन। वहालवालाहरुलाई समेत यस प्रकारको छानविनको दायरामा राखिनु हुँदैन। वर्गीकरण तार्किक भएन भन्ने मेरो आशय वा तात्पर्य फरक मापदण्ड अपनाउने कुनै तार्किक कारण छैन; तार्किक रुपमा वर्गीकरण गरिएन; त्यसैले पनि प्रकृया दोषपूर्ण छ भन्ने मात्रै हो।

(११) नेपालको संविधानको धारा २८ ले प्रत्येक व्यक्तिलाई गोपनीयताको हक प्रदान गरेको छ। यस धाराले **"कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ"** भनी मौलिक अधिकार प्रत्याभूत गरेको छ। मेरो सम्पत्ति सम्बन्धी विवरण यो गोपनीयता सम्वन्धी मौलिक हकबाट पनि संरक्षित रहन्छ, रहनु पर्दछ। **कानून बमोजिम बाहेक यो हक अनतिक्रम्य छ**। सम्पत्ति छानविन आयोगबाट मलाई विवरण पेश गर्न लगाउने कुरा माथि उल्लेख गरिएका कारणहरुबाट "कानून बमोजिमको कार्य" होईन। त्यसैले पनि आयोगमा आफ्नो सम्पत्ति विवरण पेश गर्न म बाध्य थिईन र छैन। **स्वेच्छाले आफ्नो विवरण सार्वजनिक गर्नु वा नगर्नु मेरो ईच्छाधीन विषय हो**। तर राज्यका कुनै पनि निकायले मलाई अनाधिकार रुपमा कानून प्रतिकूल हुने गरी विवरण पेश गर्न बाध्य तुल्याउन मिल्दैन। यस अवस्थामा गैरकानूनी रुपमा खडा गरिएको सरकारी आयोगले आह्वान गरेको अथवा भनौं "उर्दी" को रुपमा जारी गरेको सार्वजनिक सूचनाको विवेकसुन्य रुपमा पछि लागेर विवरण पेश गर्नुलाई मैले उचित र शालीन कुरा ठानेको छैन।

(१२) मेरो सम्पत्तिका अद्यावधिक विवरणहरु राज्यको जानकारीमा रहेको छ। साविकको न्याय परिषद (कार्यविधि) नियमावली, २०५६ को नियम १९(१) तथा हाल प्रचलित न्याय परिषद ऐन, २०७३ को दफा २९ सपठित न्याय परिषद नियमावली, २०७४ को नियम २० को प्रयोजनार्थ मैले क्रमशः २०५६/१२/१०, २०५९/०१/३०, २०६२/०८/०८, २०६६/०३/१०, २०६८/०४/०९, २०७०/०५/१०, २०७२/०७/१६, २०७४/०५/२५, २०७५/०५/२५, २०७६/०५/०९, २०७७/०५/१८, २०७८/०५/२४, २०७९/०५/२७, र २०८०/०५/१९ गते समेतमा गरी कूल १४ (चौध) पटक आफ्नो सम्पत्ति विवरण राज्यको एउटा संवैधानिक निकाय (न्याय परिषद) मा बुझाएको छु। उल्लिखित विवरणहरु अवश्य नै न्याय परिषदमा सुरक्षित रहेको हुनु पर्दछ। यस अवस्थामा अव पनि कहाँ-कहाँ, कुन-कुन सरकारी कार्यालयमा, कहिलेसम्म मैले आफ्ना विवरणहरु बुझाउदै जानु पर्ने हो? भन्ने जिज्ञासानजित् प्रश्न स्वभाविक रुपमा आफ्नो अन्तरमनमा पैदा हुँदोरहेछ।

(१३) कानूनले तोकेको शर्त अनुसार समय-समयमा, पटक-पटक आफ्नो सम्पत्ति विवरण राज्यको अधिकारप्राप्त निकायलाई बुझाई आएको सन्दर्भमा सेवा निबृत्त भएर बसेको लामो अवधि पछि कुनै अनाधिकार निकायले कानून प्रतिकूल तबरबाट सम्पत्ति विवरण पेश गर्न

सार्वजनिक सूचना जारी गर्दैमा मैले आफ्नो सम्पत्ति विवरण पेश गर्नु उचित र आवश्यक ठानिन। न्यायाधीशको पदबाट सेवाबाट निबृत्त भएपछि मैले अहिलेसम्म कुनै सार्वजनिक जवाफदेहिताको पद ग्रहण गरेको पनि छैन। यस बीच संविधानसम्मत् र सुहाउँदो किसिमको जिम्मेवारीका लागि कतैबाट प्रस्ताव आएन, जे जो प्रसंगमा प्रस्ताव गरिएको थियो, ती प्रस्तावहरु संविधानको धारा १३२(२) अनुकूलका थिएनन्। त्यसैले म फुर्सदमा छु। मैले आफ्नो सम्पत्ति लुकाएको वा छिपाएको थिएन र छैन। राज्यको निकायमा कानून बमोजिम अभिलेखको रुपमा रहेको तथ्य-तथ्याङ्क छँदाछँदै फेरि सम्पत्ति विवरण पेश गर्न भनिनु स्वयममा अनुचित र कानूनतः त्रुटिपूर्ण कुरा हो भन्ने म ठान्दछु। संविधान र कानून बमोजिम संस्थापित निकायहरु छँदाछँदै यस्ता छानविन आयोगहरु निर्माण गरेर वैधानिक तबरबाट संस्थापित निकायको अधिकार सीमित, संकुचित वा प्रतिस्थापित गर्न पनि सकिदैन। अर्कातर्फ, सरकार परिवर्तन हुने वित्तिकै आयोग गठन गर्ने र सम्पत्ति छानविन गर्ने कुराको औचित्य पुष्टि हुने कुनै वैध तर्क वा आधार पनि मैले देखेको छैन। सरकार परिवर्तन भएपछि छानविन आयोग गठन गर्दै जाने हो भने यो सिलसिला कहिले टुङ्गिन्छ भन्ने प्रश्न पनि सहज रुपमा अगाडि आउँदछ। यस्तो छानविनको सिलसिलालाई स्वीकार गर्ने हो भने सरकार परिवर्तन भएपछि आयोग गठन गर्ने र एक पछि अर्को विवरण पेश गर्न लगाउने दुष्चक्रमा अन्तहिन रुपमा निष्ठावान राष्ट्रसेवकहरु पर्न जाने कुरा पनि प्रष्ट नै छ।

(१४) सम्पत्ति छानविन आयोगले आफ्नोलागि निर्धारित अधिकारको सीमा आफूखुसी विस्तार गरेको छ भन्ने पनि मलाई लाग्दछ। यस दृष्टिले हेर्दा पनि प्रकृया दुषित र दोषपूर्ण देखिन्छ। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल राजपत्र खण्ड ७६, मिति २०८३।०१।०२ मा प्रकाशित पूर्व अतिरिक्ताङ्क १ र २०८३।०१।१४ मा प्रकाशित अतिरिक्ताङ्क २ को सूचनाबाट तोकिएको कार्यादेशमा: *"नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान बमोजिम नियुक्त भई* ***संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका"*** व्यक्तिको सम्पत्ति छानविन गर्ने भन्ने वाक्यांश उल्लेख भएको देखिन्छ। म **"संवैधानिक निकायबाट पदमुक्त भएको वा हटेको"** व्यक्ति होईन। म उमेर हदको कारणबाट "सेवा निबृत्त" भएको सर्वोच्च अदालतको पूर्व न्यायाधीश हुँ। यसरी नेपाल सरकारको निर्णयमा मेरो पृष्टभूमि रहेका व्यक्तिहरुलाई समेटेको पनि देखिदैन। यस अवस्थामा नेपाल सरकारको

निर्णयबाट किटान गरिएको कार्यदिश भन्दा बाहिर गएर सम्पत्ति छानविन आयोगबाट अतिरिक्त शर्तहरु अगाडि सार्नु त्रुटिपूर्ण कार्य बन्न पुगेको छ। नेपाल सरकारको निर्णयबाट किटान गरिएको कार्यदिश स्वयममा पनि सर्वोच्च अदालतको पूर्व न्यायाधीशका लागि कति बाध्यकारी हुन्छ भन्ने गम्भीर संवैधानिक र कानूनी प्रश्न कायम रहेकै छ। त्यसमा थप कार्यदिश भन्दा बाहिर गएर छानविन आयोगबाट विवरण पेश गर्नु भनी सूचना जारी हुनु विडम्वनापूर्ण कार्य बनेको छ भन्ने मैले ठानेको छु।

(१५) नेपालको संविधानको धारा ४८ मा **"संविधान र कानूनको पालना गर्नु"** नागरिकको कर्तव्य भनी तोकिएको छ। संविधान र कानून प्रतिकूलका काम कुरालाई मान्न वा पालन गर्न कुनै नागरिक वाध्य छैन। नागरिकले त वैध कानून, वैध काम कारवाहीलाई मान्ने हो। कुनै काम कारवाही वा व्यवहार संविधान र कानून प्रतिकूल छ भन्ने अवस्था देखिएपछि पनि त्यही कुरामा समर्पण गर्नु नागरिक कर्तव्य प्रतिकूलको कुरा हुन जान्छ। नागरिकले संविधान र कानूनको पालना गर्ने कुरामा अवश्य नै सकारात्मक र रचनात्मक योगदान गर्नु पर्दछ। तर संविधान र कानून प्रतिकूलका काम कुरालाई शिरोधार्य गर्नु नागरिक कर्तव्य विपरितको कुरा हुन्छ। यस दृष्टिले हेर्दा पनि संविधान प्रतिकूल गठित सम्पत्ति छानविन आयोगमा विवरण पेश गर्नु नागरिक कर्तव्य अनुकूल हुन्छ भन्ने मलाई लागेन।

(१६) राज्य व्यवस्था संचालनको कुरामा कानून अनुकूलका काम कुरा मात्रै वैध हुन्छन्। कानूनको शासनमा कानूनपरायणताको विषय धेरै नै महत्वपूर्ण हुन्छ। कानून प्रतिकूलका काम कुरालाई स्वीकार गर्नु पनि कानूनको शासन र कानूनपरायणता सम्वन्धी मान्यताको प्रतिकूल कुरा हो। जीवनभर कानूनपरायणताको मान्यतालाई नै आत्मसात् गरिआएको सन्दर्भमा मेरालागि जीवनको उत्तरार्धमा आएर आफ्नो मान्यता परिवर्तन गर्नु सम्भव थिएन र छैन। निश्चय नै देशमा सुशासन आवश्यक छ। तर संविधान र कानून प्रतिकूलका स्वेच्छाचारी प्रकृतिका काम कारवाहीबाट सुशासन प्रवर्धन हुन्छ भन्ने म ठान्दिन। सुशासनका लागि संविधान र कानूनका शर्तहरुको पालना गरिएको नै हुनु पर्दछ।

(१७) यसरी उपरोक्त अनुसार सम्पत्ति छानविन आयोगको गठन विधि, आयोगलाई प्रदान गरिएको र आयोगले ग्रहण गरेको क्षेत्राधिकार समेत संविधान, कानून, न्यायिक सिद्धान्त, स्वतन्त्र न्यायपालिका सम्वन्धी मूल्य मान्यता तथा सार्वजनिक सेवाबाट निबृत्त भएका पूर्व न्यायाधीश उपर राज्यले गर्ने व्यवहार समेतका दृष्टिले उचित छैन भन्ने मलाई लाग्यो।

त्यसैले मैले सम्पत्ति छानविन आयोग, २०८३ मा आफ्नो वैयक्तिक तथा सम्पत्ति विवरण पेश नगरेको हो।

## २. अहिले यो वैयक्तिक तथा सम्पत्ति विवरण सार्वजनिक गर्नुको कारणः

(क) माथि प्राक्कथन खण्डमा पनि मैले आफ्नो वैयक्तिक तथा सम्पत्ति विवरण अहिले सार्वजनिक गर्ने कुराको पृष्टभूमिमा रहेका केही प्रसंग उल्लेख गरेको छु। आफ्नो सम्पत्ति विवरण सम्पत्ति छानविन आयोग २०८३ मा पेश नगर्ने भएपछि विवरण पेश गर्नु नपर्ने कारण खुलाएर सार्वजनिक जानकारीमा ल्याउनु ठिक हुन्छ भन्ने मलाई लाग्यो। त्यसैले आयोगमा आफ्नो सम्पत्ति विवरण पेश नगर्ने कारणहरु माथि प्रकरण १ का विभिन्न खण्डहरुमा खुलाएर प्रस्तुत गरेको छु। यसरी विवरण पेश गर्नु नपर्ने कारणहरु खुलाएर आफ्नो दृष्टिकोण सार्वजनिक गरेपछि आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु आवश्यक ठान्ने परिस्थिति स्वतः पैदा हुन पुगेको महशुस भएको छ। छानविन आयोगमा विवरण पेश गर्न नपर्ने कारण र आधारहरु तथा संवैधानिक, कानूनी र अन्य प्रश्नहरु उठाई सकेपछि आफ्नो सम्पत्ति विवरण सार्वजनिक जानकारीमा नल्याउनु मलाई उचित लागेन। यसमा पारदर्शिता, नैतिकता जस्ता प्रश्नहरु जोडिन्छन् भन्ने मैले ठानें। आफ्नो विवरण लुकाउने, छिपाउने वा नदेखाउने उद्देश्यले छानविन आयोग समक्ष विवरण पेश गर्न मैले ईन्कार गरेको होईन; यसरी विवरण पेश नगर्नुका पछाडि सैद्धान्तिक मान्यता र धारणाहरु अन्तर्निहित छन् भन्ने कुराको थप पुष्ट्याईका लागि पनि अहिले यो सम्पत्ति विवरण सार्वजनिक गर्नु आवश्यक हुन आएको छ। यसलाई व्यवहारिक परिस्थितिको उपज पनि भन्न सकिन्छ।

(ख) आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्दछ भन्ने सोच र चेत पहिलेदेखि नै रहेको थियो। न्यायाधीशहरुको सम्पत्ति विवरण सार्वजनिक गरिनु पर्दछ भन्ने "सुद्धीकरणका अभियन्ताहरुको भाष्य" मैले लामो समयदेखि नै सदाबहार गीतको रुपमा सुन्दै आएको थिएँ। यस विषयलाई बढाई-चढाई गरेर अतिरन्जित तवरबाट आलोचनाको विषय बनाउने गरिएको कुरा मलाई अवश्य नै सुखद् लागेको थिएन। त्यसैले पनि मैले २०७६ वा २०७७ सालको कुनै समयमा (एकिन मिति सम्झना भएन) सर्वोच्च अदालतको फूलकोर्ट वैठकमा **"हामी न्यायाधीशहरुले आ-आफ्नो सम्पत्ति विवरण तत्काल**

**<u>सार्वजनिक गरौं</u>"** भनी विषयको उठान गरेको पनि थिएँ। तर त्यसवेला मेरो त्यो कुरा मेरा सहकर्मीहरुका लागि स्वीकार्य र रुचिकर विषय बन्न सकेन। न्यूनतम् सहमति पनि जुट्न नसकेपछि यो प्रसंग त्यत्तिकै टुंगिएको थियो। परिणाममा, त्यसबेला मैले एक्लै सम्पत्ति विवरण सार्वजनिक गर्न असजिलो महशुस गरें। सल्लाहका लागि फूलकोर्टमा विषयको उठान नै नगरी एकल निर्णयबाट मैले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेको हुन्थ्यो भने एक प्रकारले उसै बखत कुरा टुंङ्गिने पनि थियो होला। तर सल्लाहको तहमा प्रवेश गरेर अरुका लागि अस्वीकार्य बनेको विषयमा आफूले मात्रै विवरण सार्वजनिक गर्दा हठधर्मिताको मार्ग अपनाएको देखिन जाला भन्ने मैले ठानें। त्यसैले आफ्नो विवरण सार्वजनिक गर्न त्यसबेला मलाई उचित लागेन र म रोकिएको थिएँ। सेवाबाट निबृत्त भएपछि यो प्रसंग पनि टुंङ्गियो होला भन्ने ठानियो। तर अहिले आएर मलाई लाग्दैछः सम्पत्ति विवरणको कुरालाई अगाडि सारेर सेवा निबृत्त भएकाहरुको पछाडि राज्य व्यवस्था लाग्ने र लखेट्ने काम गर्न आर्यघाटमा नपुर्याउन्जेलसम्म पनि छोडिने रहेनछ। यस्तै पृष्टभूमिमा म आफ्नो वैयक्तिक तथा सम्पत्ति विवरण अहिले सार्वजनिक गर्दैछु।

(ग) सुशासन, पारदर्शिता जस्ता मान्यताहरु व्यवहारमा स्थापित हुनु पर्दछ भन्ने कुरामा मैले पनि स्पष्ट दृष्टिकोण राख्ने गरेको छु। सार्वजनिक जवाफदेहिताको पदमा रहेकाहरुप्रति आम नागरिकको विश्वास कायम रहनु नै पर्दछ। निष्ठा, सदाचार जस्ता कुरामा कुनै प्रकारबाट पनि विचलन पैदा हुन दिनु हुँदैन। आफ्नो सदाचार, निष्ठा जस्ता कुरालाई लिएर गरिएको कुनै पनि प्रकारको भ्रामक, असत्य, अनर्गल र लाञ्छनायुक्त आलोचना कुनै पनि स्वाभिमानी व्यक्तिको लागि पीडादायक विषय बन्दछ। त्यस प्रकारको परिस्थिति मेरो हकमा पैदा नहोस् भन्ने पनि म चाहन्छु। जीवनको उत्तरार्धमा आएर म निष्ठासंग जोडिएको कुनै पनि प्रश्नको घेराभित्र रहन चाहन्न। अहिले यो विवरण सार्वजनिक गर्नुको तात्पर्य मैले आफ्नो संवैधानिक र कानूनी हक अधिकारको समर्पण गरेको भन्ने होईन। आफ्ना संवैधानिक र कानूनी हक अधिकारप्रति म सचेष्ट नै छु। छानविन आयोगमा विवरण पेश नगर्नुको अर्थ वा तात्पर्य कुनै गैरकानूनी निकायप्रति आफूलाई समर्पण नगर्ने भन्नेसम्म हो। आफ्नो कुनै विवरण लुकाउने अभिप्राय मैले कहिले पनि राखेको थिएन, अहिले पनि राखेको छैन। मेरो सार्वजनिक जीवन एउटा खुल्ला कितावको रुपमा रहेको छ। जीवनभर सदाचार, निष्ठा, ईमान्दारिता र सेवाप्रति

समर्पणको भावना राखेर कर्तव्य निर्वाह र व्यवहार गरियो। अहिले पनि मसंग लुकाउनु पर्ने वा भन्न र देखाउन नहुने कुनै कुरा (सम्पत्ति वा वैयक्तिक विषय) छैनन्। सवै कुरा खुल्ला र पारदर्शी नै छन्। यति हुँदाहुँदै पनि परपीडामा रमाउने परिवेश भित्र बाँच्नु पर्ने अवस्था श्रृजना हुँदै गरेको वर्तमान सामाजिक यथार्थताको परिवेशमा हठधर्मिता र परपीडाको अनपेक्षित परिस्थितिलाई समुचित रुपमा सम्वोधन गर्दै स्वच्छता र पारदर्शिताको विश्वसनीय वातावरण कायम रहोस् भन्ने अभिप्रायले आफ्ना वैयक्तिक तथा सम्पत्ति विवरण सार्वजनिक गरेको हो।

## ३. मेरो वैयक्तिक विवरणः

**नाम, थरः** ईश्वर प्रसाद खतिवडा

**जन्म मितिः** २०१५ साल फाल्गुण २५ गते ।

**नागरिकता नं.:** ६२५६(८०७)/१०९(चौ)

**नागरिकता जारी भएको मितिः** २०३५/०२/३१ - जिल्ला प्रशासन कार्यालय, सुनसरी

**राष्ट्रिय परिचयपत्रः** लिएको छु।

**PAN No.** - लिएको छु ।

**पासपोर्टः** सरकारी पदाधिकारीको हैसियतले विदेश जाने सिलसिलामा सुरुमा नीलो (सरकारी) पासपोर्ट लिईयो। २०६२ सालपछि पदीय हैसियतले विदेश जाँदा रातो (कुटनीतिक) पासपोर्ट प्रयोग गरियो। यस बीच साधारण पासपोर्ट पनि लिईएको थियो। त्यस्ता अरु सवै पुराना पासपोर्टहरुमा तोकिएको म्याद अहिले बाँकी छैन। म्याद बाँकी रहेको “एउटा साधारण पासपोर्ट” मात्र मसंग छ।

### शैक्षिक योग्यताः

(१) त्रिभूवन विश्वविद्यालय, नेपाल ल क्याम्पसबाट २०३५ — २०३८ समूहमा नियमित विद्यार्थीको रुपमा अध्ययन गरी कानून विषयक स्नातक तह (LL.B.) को उपाधि हासिल गरेको।

(२) त्रिभूवन विश्वविद्यालयबाट २०४२ सालमा Political Science विषयमा स्नातकोत्तर (M.A) उपाधि हासिल गरेको।

(३) पंजाव विश्वविद्यालय, चण्डिगढ भारतबाट सन् १९९२ मा कानून विषयक स्नातकोत्तर (LL.M.) उपाधि हासिल गरेको।

**स्थायी ठेगाना:**

प्रदेशः कोशी, जिल्लाः सुनसरी, नगरपालिकाः ईनरुवा, वडा नं. ५, टोलः बलाहा ।

**द्रष्टव्य:** अहिले यस ठाउँमा मेरो कुनै घर छैन। नागरिकताको प्रमाणपत्रमा यही ठेगाना उल्लेख भएको, हालसम्म बसाइ-सराईको प्रकृया पनि पुरा गर्न बाँकी नै रहेको, र त्यस ठाउँमा घर नभएपनि केही जग्गा रहेको हुँदा यसैलाई स्थायी ठेगाना भनी उल्लेख गरिएको हो।

**हालको ठेगाना:**

प्रदेशः वागमती जिल्लाः काठमाण्डौ नगरपालिकाः काठमाण्डौ म.पा.

वडा नं. ४ टोल: टुँडालदेवी बाटोको नाम: अर्धचक्र मार्ग ।

## ४. पारिवारिक विवरण:

(१) मेरी माता नर्मदादेवी खतिवडा मेरो वाल्यकालमा अर्थात २०२६ सालमा नै स्वर्गीय भईसक्नु भएको छ।

(२) मेरा पिता तोयानाथ खतिवडाले पनि २०६० सालमा नै महाप्रस्थान गर्नु भएको थियो।

(३) हाम्रा माता-पिताका अहिले हामी ५ जना छोराहरु जिवित छौं। हामी दाजुभाईहरुका बीच करिव ४५ वर्ष अगाडि २०३६/०३७ सालमा नै विधिवत् रुपमा अंशवण्डा लिखत रजिष्ट्रेशन पारित भई सगोल परिवारबाट भिन्न भईसकेका थियौ। कान्छो भाई पुरुषोत्तमको देहावसान भएपछि २०४८/०४९ सालको आसपासमा केही आन्तरिक घरायसी व्यवस्थापन मिलाईएको थियो। पिताजीले महाप्रस्थान गर्नु भएपछि अर्को चरणको व्यवहार मिलाईयो। हामी ५ जना दाजुभाई छुट्टिई अलग-अलग रहेका छौं।

(४) प्रभा खतिवडा मेरी पत्नी हुन्। उनी पेशाले गृहिणी हुन्। हामी दम्पत्ति सहित छोरा बुहारी का.म.न.पा. ४ विशालनगर, टुँडालदेवी स्थित निजी निवासमा बसोवास गर्दै आएका छौं।

(५) हाम्रो एक मात्र छोरा अपूर्व खतिवडा त्रि.वि.वि. अन्तर्गत नेपाल ल क्याम्पसमा प्राध्यापन पेशा र स्वतन्त्र कानून व्यवसायीको रुपमा कानून व्यवसायमा संलग्न छ। अपूर्वले

बेलायत स्थित विश्वविख्यात University of Cambridge बाट LL.M. उपाधि हासिल गरेको छ। अध्ययनका लागि अपूर्वले Duke of Edinburgh Trust र Cambridge Overseas Trust बाट Scholarship प्राप्त गरेको थियो।

(६) सुदेश्रा थापा (खतिवडा) हाम्री कूल-वधु (छोरा-बुहारी) हुन्। Sweden स्थित Lund University बाट कानून विषयमा Master's Degree हासिल गरेकी उनी The Asia Foundation **मा** Senior Research and Knowledge Management Specialist को रुपमा कार्यरत रहेकी छिन्।

(७) ईभा खतिवडा हाम्री एक मात्र छोरी हो। उसको अमेरिका निवासी असिम उप्रेतीसंग सन् २०१४ मा विवाह भएको छ। उनीहरुबाट एक छोरी (हाम्री नातिनी) आर्या उप्रेतीको जायजन्म भएको छ। छोरी ईभा खतिवडा सपरिवार अमेरिकाको Kansas State, Wichita शहरको Lake way Ct. Andover मा बसोवास गर्दै आएका छन्। नातिनी आर्या अहिले Andover स्थित Elementary School मा कक्षा ३ मा अध्ययनरत रहेकी छ।

## ५. सार्वजनिक सेवा सम्वन्धी विवरणः

१. लोक सेवा आयोगको सिफारिशमा मिति २०३७/०१/२६ गते वन विभाग, बबरमहलको नायव सुव्वा (प्रशासन) पदमा नियुक्ति भएपछि मेरो सार्वजनिक सेवाक्रम प्रारम्भ भएको थियो। सो पदमा रहेर लगभग २ वर्ष ९ महिना कार्य गरियो। नेपाल ल क्याम्पसमा कानून स्नातक तह अध्ययनको अवधिमा अपनाईएको यो रोजगारी प्रकारान्तरले मेरोलागि सरकारी छात्रबृत्ति जस्तो हुन पुगेको थियो।

२. लोक सेवा आयोगको सिफारिस अनुसार मिति २०३९/१२/०७ देखि न्याय सेवाको शाखा अधिकृत पदमा नियुक्त भएको थिएँ।

३. मिति २०४४/११/१४ मा सहायक सचिव पदमा खुल्ला प्रतिस्पर्धाबाट मेरो बढुवा भएको थियो।

४. मिति २०४९/१२/१ मा उपसचिव पदमा बढुवा भएको हो।

५. २०४९ सालको पछिल्लो केही महिनादेखि २०५० साल चैत्रसम्म करिव १३/१४ महिना का.मु. सहन्यायाधिवक्ता (रा.प्र. प्रथम श्रेणी) को पदमा रही काम गरेको थिएँ।

६. न्याय परिषदको सिफारिशमा मिति २०५०/१२/१५ मा म जिल्ला न्यायाधीश पदमा नियुक्त भएको थिएँ।

७. न्याय परिषदको सिफारिशमा पुनरावेदन अदालतको न्यायाधीश पदमा मिति २०६२/१२/१० मा नियुक्ति भएको हो।

८. २०७० साल असारदेखि पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा का.मु. मुकरर भई कार्य गरेको क्रममा मिति २०७१/०५/१० मा न्याय परिषदको सिफारिशमा पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा मेरो नियुक्ति भएको थियो।

९. न्याय परिषदको सिफारिशमा सर्वोच्च अदालतको न्यायाधीश पदमा मिति २०७३/०४/१७ मा नियुक्ति भयो।

१०. सेवा क्रममा ६५ बर्ष उमेर-हदको कारणबाट मिति २०८०/११/२५ देखि म सेवा निबृत्त भएको थिएँ।

११. यसरी उपरोक्त अनुसार मिति २०३७ साल वैशाख २६ गतेदेखि २०८० साल फाल्गुण २४ गतेसम्म कूल ४३ वर्ष ९ महिना २९ दिन मैले निरन्तर (अविच्छिन्न) रुपमा सार्वजनिक जवाफदेहिताको पदमा रहेर आफ्नो पदीय कर्तव्य निर्वाह गरेको थिएँ। यसमध्ये करिव ३० वर्ष न्यायाधीशको हैसियतले न्याय सम्पादनको कार्य गरेको थिएँ। यो ३० वर्ष मध्ये पनि करिव ७ बर्ष नेपाल सरकारको विशिष्ट श्रेणीका अधिकृत सरहको पुनरावेदन अदालतको न्यायाधीश पदमा र करिव ११ बर्ष विशिष्ट श्रेणी भन्दा माथिल्लो तहको न्यायाधीश (मुख्य न्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश) को हैसियतमा न्यायिक सेवामा संलग्न रहेको थिएँ।

१२. सेवा अवधिमा मैले काठमाण्डौ उपत्यका भित्र रहेका विभिन्न अदालत तथा कार्यालयहरुका अतिरिक्त तनहुँ, धनकुटा, धरान, पोखरा, सिन्धुली, वीरगन्ज, चितवन, वागलुङ, बुटवल, दिपायल तथा राजविराजमा रहेर सेवा गरेको थिएँ।

१३. सार्वजनिक सेवाको क्रममा तत्-तत् समयमा प्रचलित कानून बमोजिम पदीय तह वा हैसियत अनुसार पाउने तलव, भत्ता र अन्य सुविधा प्राप्त गर्ने गरेको थिएँ। यसको फेहरिस्त विवरण मैले राखेको छैन। करिव ४४ वर्षको सेवा अवधिमा मासिक र सालवसाली रुपमा कति रकम भुक्तानी लिईयो भन्ने कुराको संस्मरण मेरालागि सम्भव भएन। त्यसैले भुक्तानी पाएको रकमको अङ्क खुलाउन सकिएन। संस्थागत रुपमा कानून बमोजिम जति तलव, भत्ता, अन्य सुविधा प्रदान गरिएको थियो, त्यसलाई ग्रहण

गरियो। यस सम्वन्धी सबै तथ्याङ्क विवरण सरकारी अभिलेखहरुमा नै सुरक्षित रहेका होलान्।

१४. सेवाबाट निबृत्त भएको मिति २०८० फाल्गुण २५ गतेदेखि २०८३ साल जेठसम्म मासिक रु. ७४,५५०।— का दरले निबृत्तभरण रकम प्रदान गर्ने गरिएको छ।

## ६. विदेशमा रहेको र आय आर्जन गरेको (अध्ययन / भ्रमण / तालिम / सभा समारोहमा सहभागिता) को विवरणः

(१) सन् १९९० देखि १९९२ सम्म दुई वर्ष **Colombo Plan** अन्तर्गत भारत सरकारबाट प्राप्त छात्रबृत्तिमा एल.एल.एम. तहको उपाधि हासिल गर्न अध्ययनार्थ पंजाव विश्वविद्यालय, चण्डिगढ, भारतमा रहेको थिएँ। मैले सो उपाधि प्रथम श्रेणीमा हासिल गरेको छु। अध्ययन अवधिमा मैले करिव १ लाख ३५ हजार भा.रु. (करिव २ लाख १५ हजार ने.रु. बरावर) रकम छात्रबृत्ति र अन्य विविध खर्च बापत प्राप्त गरेको थिएँ।

(२) **University of Colombo** र **International Women's Rights Action Watch** को निमन्त्रणा, आयोजना र व्यवस्थापनमा भएको छलफल कार्यक्रममा सहभागी हुन सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश (पछि प्रधानन्यायाधीश हुनु भएको) श्री केदारनाथ उपाध्याय सहितको टोलीमा सामेल भई जुलाई १९९८ मा **Sri Lanka, Colombo** गएको थिएँ। यस क्रममा केही पाकेट खर्च पाएको थिएँ। यस पटकको भ्रमण अवधि कूल ९ दिनको थियो।

(३) Danish Criminal Justice System सम्वन्धी अवलोकन र अध्ययनका लागि Danish Institute for Human Rights को आमन्त्रण र व्यवस्थापनमा सन् १९९८ अक्टोबरमा करिव १० दिनका लागि सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश (पछि प्रधानन्यायाधीश हुनु भएको) श्री केशवप्रसाद उपाध्याय सहितको टोलीमा सामेल भई म पनि **Copenhagen, Denmark** गएको थिएँ। यस क्रममा करिव रु. ५० हजार जति पाकेट खर्च हात परेको थियो।

(४) Singapore को सर्वोच्च अदालत र त्यहाँको परराष्ट्र मन्त्रालयको संयुक्त आयोजना र निमन्त्रणामा "Administration of Justice in Singapore: An Ethic for Effective Judicial Change" विषयक कार्यक्रममा सहभागी हुन र न्यायिक निकायहरुको

अवलोकन भ्रमण समेतका लागि UNDP को Sponsorship मा सन् २००१ मा दुई हप्ताको लागि सर्वोच्च अदालतका तत्कालीन रजिस्ट्रार श्री श्रीप्रसाद पण्डित र म **Singapore** गएका थियौं। यस क्रममा लगभग ९ शय अमेरिकी डलर जति रकम प्राप्त भएको थियो।

(५) Criminal Justice System in the Philippines" विषयक University of Philippines ले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागी हुन न्यायाधीशहरु तथा न्याय सेवाका अधिकृतहरु सहितको १६ जनाको भ्रमण टोलीमा सामेल भएर सेप्टेम्वर २००२ मा दुई हप्ताको लागि **Philippines, Manila** गएको थिएँ। यो कार्यक्रमका लागि UNDP, Reform of the Judiciary Project **ले** Support गरेको थियो। कार्यक्रमका सन्दर्भमा यातायात खर्च, होटल बास बाहेक करिव ६०० अमेरिकी डलर बरावर पाकेट खर्च पाएको थिएँ।

(६) सन् २००४ देखि २००५ सम्म करिव १० महिना अवधिका लागि DANIDA को Sponsorship अर्थात छात्रबृत्तिमा Danish Institute for Human Rights मा आबद्ध रहेर Human Rights Researcher को रुपमा शोध कार्य गर्न **Copenhagen, Denmark** गएको थिएँ। यस क्रममा मैले "Ensuring Fair Trial in Cases Children in Conflict With the Laws" विषयमा अध्ययन/शोधकार्य गरेको थिएँ। अध्ययन अवधिमा DANIDA Fellowship Centre मा नै बसोवासको सुविधा पनि प्रदान गरिएको थियो। यस कार्यक्रमको सिलसिलामा छात्रबृत्ति र तथ्य, तथ्याङ्क संकलन प्रयोजनका लागि फिल्ड भ्रमण भत्ता समेत गरेर लगभग ९० हजार डेनिस क्रोनर अर्थात तत्कालीन विनिमय दर अनुसार करिव रु. १० लाख रकम प्राप्त भएको थियो।

(७) तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीले रसियन प्रधान न्यायाधीश भ्याचेस्लाभ मिलेसोभिचको मैत्रीपूर्ण निमन्त्रणाको सिलसिलामा गर्नु भएको Moscow भ्रमण टोलीमा सामेल भई सेप्टेम्वर २००९ मा करिव एक हप्ता **Moscow, Russia** गएको थिएँ। रुस भ्रमणका लागि यातायात खर्च, होटल खर्च आदि सवै कुराको व्यवस्थापन रसियन सर्वोच्च अदालतले गरेको थियो। यस भ्रमणका सन्दर्भमा प्रचलित कानून बमोजिम पाकेट खर्च, लुगा भत्ता आदि बापत केही रकम प्राप्त भएको थियो।

(८) तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ नेतृत्वको टोलीले **Finland, Norway, Denmark** सहितका देशहरुको न्याय व्यवस्था सम्वन्धी अध्ययन र अवलोकन गर्ने भ्रमण टोलीमा म पनि सामेल रहेको थिएँ। अक्टोवर २०१५ मा गरिएको यो भ्रमण कूल १३ दिन अवधिको थियो। UNDP द्वारा यातायात, होटल आदि सवै खर्चको व्यवस्थापन गरिएको यो भ्रमण कार्यक्रमका सन्दर्भमा करिव रु. ३ लाख बरावरको विदेशी मुद्रा पाकेट खर्च बापत प्राप्त भएको थियो।

(९) Chinese Law Society को निमन्त्रणामा “One Belt - One Road Initiatives” विषयमा आयोजित कार्यक्रममा नेपालका प्रधान न्यायाधीशको प्रतिनिधिको रुपमा भाग लिन डिसेम्वर २०१६ मा ४ दिनको लागि **Kunming, China** गएको थिएँ। यस सन्दर्भमा यातायात, होटल आदि सवै खर्च आयोजकले व्यहोरेको हुँदा प्रचलित कानून बमोजिम केही रकम पाकेट खर्चको रुपमा प्राप्त गरेको थिएँ।

(१०) भारतीय सर्वोच्च अदालत र Green Tribunal को निमन्त्रणामा वातावरणीय न्याय सम्वन्धी अन्तर्क्रिया कार्यक्रममा भाग लिन तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की समेतको भ्रमण टोलीमा सामेल भई मार्च २०१७ मा ४ दिनको लागि म पनि **Delhi, India** गएको थिएँ। भ्रमणका लागि यातायात, होटल आदि सवै खर्च आयोजकले व्यहोरेको हुँदा प्रचलित कानून बमोजिम केही रकम पाकेट खर्च प्राप्त भएको थियो।

(११) “Universal and Equal Electoral Justice: Judicialization or other Dispute Resolution Mechanisms” **विषयमा** Electoral Tribunal of the Federal Judiciary of Mexico ले आयोजना गरेको कार्यक्रममा भाग लिन डिसेम्वर २०१८ मा कूल एक हप्ताको लागि म **Mexico, Cancun** गएको थिएँ। भ्रमणका लागि यातायात, होटल बास आदि सवै खर्च आयोजकले व्यहोरेको हुँदा प्रचलित कानून बमोजिम केही रकम पाकेट खर्च प्राप्त भएको थियो।

(१२) Shanghai University of Political Science and Law र University of Hong Kong ले संयुक्त रुपमा आयोजना गरेको “Building Trust and Confidence in the Judiciary, especially in the context of the Belt and Road Initiative” विषयक कार्यक्रममा सहभागी हुन उल्लिखित संस्थाको आमन्त्रणमा म डिसेम्बर २०१८ मा करिब एक हप्ताको लागि **Shanghai, China** गएको थिएँ। भ्रमणका

लागि यातायात, होटल बास आदि सबै खर्च आयोजकले व्यहोरेको हुँदा प्रचलित कानून बमोजिम केही रकम पाकेट खर्च प्राप्त भएको थियो।

(१३) Japan International Cooperation Agency (JICA) को आतिथ्य र व्यवस्थापनमा सन् २०२३ डिसेम्बरमा दुई हप्ताको लागि कूल १६जना नेपाली न्यायाधीश तथा अधिकृतहरु सम्मिलित टोलीको नेतृत्व गर्दै म **Japan, Tokyo** गएको थिएँ। यस अवधिमा नेपालको देवानी संहिताको कार्यान्वयन र सुधारको विषयमा जापानी प्रोफेसरहरुसंग अन्तरक्रिया गर्नुका साथै जापानी न्याय व्यवस्थाका सम्वन्धमा केही अध्ययन, केही अवलोकन समेत गरिएको थियो। भ्रमणका लागि यातायात, होटल बास आदि सबै खर्च आयोजकले नै व्यहोरेको हुँदा प्रचलित कानून बमोजिम केही रकम पाकेट खर्च प्राप्त भएको थियो।

(१४) उपरोक्त अनुसारका देशहरु तथा कार्यक्रमहरु बाहेक मैले अरु पनि कतिपय वैदेशिक भ्रमणहरु गरेको थिएँ। **USA, France, Germany, Sweden, Estonia, Bangladesh, Thailand** आदि देशहरुमा पनि प्रसंग अनुसार प्रायः निजी भ्रमणको रुपमा पुगिएको थियो। **Hong Kong** तथा **Beijing** पनि सार्वजनिक सेवाकालमा नै पुगियो। सेवाबाट निबृत्त भएपछि **Vietnam** पनि गएको थिएँ। यसरी गरिएका भ्रमणहरु कुनै पारिवारिक, कुनै सांयोगिक र व्यवहारिक अनुकूलताका सन्दर्भमा गरिएका थिए। त्यस्ता सबै विवरण यहाँ खुलाउन सम्भवतः आवश्यक नभएकाले सबै विवरण उल्लेख नगरी प्रतिनिधिमूलक कुराहरुको मात्र प्रयोजन र सन्दर्भ माथि उल्लेख गरिएको हो।

(१५) वैदेशिक भ्रमणका सन्दर्भमा आर्जित (प्राप्त) रकमको विवरण छुट्टाछुट्टै नराखिएको हुँदा आफ्नो सम्झनाको आधारमा माथिको विवरण उल्लेख गरिएको छ। यो रकम अङ्कमा केही सामान्य तलमाथि परेको पनि हुन सक्तछ। तर खासै तात्विक फरक परेको छैन। माथि उल्लेख गरिएअनुसार वैदेशिक अध्ययन, अवलोकन, अन्तर्क्रिया आदि विविध कार्यक्रमको सिलसिलामा भ्रमणमा जाँदाको क्रममा कम्तिमा २५ लाख र बढीमा ३० लाख रुपैयाँ वरावरको रकम आर्जन भएको थियो। त्यसमध्ये सालाखाला करिव ३० प्रतिशतको हाराहारीमा भ्रमण क्रममा खर्च भएको र बाँकी करिव ७० प्रतिशत रकम संचित हुन पुगेको थियो।

## ७. <u>विदेशबाट विप्रेषण आय (Remittance Income) प्राप्त गरेको विवरण</u>:

अमेरिकामा रहेकी छोरी ईभा, भाई नरेन्द्रकुमार खतिवडा तथा भतिजो मनोज खतिवडा समेतले उनीहरुको पारिवारिक व्यवहारको सिलसिलामा **<u>केही पटक केही सामान्य रकम</u>** पठाएका थिए। त्यो कुनै ठुलो रकम थिएन। करिव १५ बर्ष भन्दा अगाडिकै कुरा भएकाले त्यस कुराको एकीन तथ्याङ्क सहितको तिथि मिति सम्बन्धी जानकारी वा संस्मरण अहिले मलाई छैन। जुन प्रयोजनका लागि उनीहरुले सानो कलमको रकम पठाएका थिए, सोही प्रयोजनमा खर्च पनि भएको थियो। म मार्फत त्यसरी पठाएको रकम मेरो आय थिएन। संयोगले माध्यम मात्रै बन्नु परेको थियो।

## ८. <u>कर्मचारी संचय कोष, नागरिक लगानी कोष, संचित विदा, औषधोपचार खर्च तथा वीमाबाट प्राप्त रकमको विवरण</u>:

१. सेवा निबृत्त भएको छ वर्ष अवधिसम्म कोषमा रहेको रकम यथावत राख्न सकिने र वैङ्कको तुलनामा केही बढी रकम व्याज प्राप्त हुने भन्ने बुझिएकोले नागरिक लगानी कोष र कर्मचारी संचय कोषमा म सेवा निबृत्त हुँदा जे जति रकम कोषमा मौजदात थियो त्यो सवै रकम र त्यसबाट प्राप्त व्याज रकम यथावत सोही कोषमा मौजदात नै रहेको छ। सेवा निबृत्त भएपछि उल्लिखित दुवै कोषबाट अहिलेसम्म कुनै रकम झिकेको छैन। कानून बमोजिम संस्थागत रुपमा जम्मा भएको रकम भएकाले सो सम्वन्धमा थप कुरा उल्लेख गरिरहन परेन। अहिलेसम्म आफ्नो सामान्य आवश्यकता अनुसारको खर्च निबृत्तभरण रकम र आफ्ना अन्य केही सन्चित रकम समेतबाट व्यवस्थापन भैरहेको हुँदा पछि आवश्यकता अनुसार यथासमयमा कोषबाट उक्त रकम झिकिने नै छ।

२. सेवाबाट निबृत्त हुँदाको अवस्थामा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ मा रहेको प्रावधान बमोजिम सञ्चित घर विदा र विरामी विदा बापतको रु. १५,६४,७९१।०० र औषधोपचार खर्च बापत १०,२०,५१६।०० गरी कूल रु. २५,८५,३०७।०० कानून बमोजिम अदालतबाट भुक्तानी लिएको थिएँ। सो रकम मध्येबाट रु. १७,८९,६१०।८८ भुक्तानी गरेर

सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा ७ बमोजिम एउटा सवारी साधन प्राप्त गरेको छु। साविक बा.प्र.—०१-००२-झ, ५६६५ नं. को सो गाडी परिवर्तित निजी सवारी नं. बा.-०३० — च - ०५०६ कायम भई हालसम्म मेरो प्रयोगमा रहेको छ। बाँकी रकम बैंङ्क खातामा दाखिला भई केही खर्च भएको र केही रकम बैंङ्क खातामा मौजदात रहेको छ।

३. सेवाबाट निबृत्त भएपछि वीमा वापत करिव दुई लाख रुपैयाँ समेत सम्बन्धित वीमा कम्पनीबाट भुक्तानी प्राप्त गरेको थिएँ।

## ९. <u>अचल सम्पत्ति (घर) र सो घरले चर्चेको जग्गाको विवरणः</u>

श्रीमती प्रभा खतिवडाको नाममा काठमाण्डौ म.न.पा. वडा नं. ४ विशालनगर, टुँडालदेवीमा कि.नं. १६६ को मिति २०५३ साल श्रावण १६ गते देशु राईबाट मूल्य रु. ४ लाखमा खरिद गरी लिएको ०-४-०-० जग्गामा कूल ८ वटा कोठा भएको अढाई तल्ले घर रहेको छ। घर निर्माण हुँदाको तत्कालीन अवस्थामा कूल (बढीमा) रु. २० लाख रकम घरको निर्माण लागत परेको थियो।

**<u>स्मरणीय छः</u>** यो घर निर्माण हुँदाको समयमा (२०५४/०५५ सालमा) ईटाको प्रति गोटा ३ रुपैयाँ, सिमेण्टको प्रति वोरा करिब १७५ रुपैयाँ, फलाम (छड) को प्रति के.जी. २३ रुपैयाँ, गिटी/वालुवा प्रति ट्रक ३ हजार रुपैयाँ, टि.सि.एन. डिपोबाट काठको प्रति क्यू.फिट करिव ६ सय ५० रुपैयाँ र सोही अनुसारको निर्माण ज्याला दर कायम थियो। तर पछि २०५९/०६० सालमा दुई वटा कोठाको तल्ला थप गर्दाको अवस्थामा भने उल्लिखित निर्माण सामाग्रीको मूल्यमा केही बढोत्तरी भएको थियो।

## १०. <u>जग्गा प्राप्ति र घर निर्माण सम्वन्धी थप विवरणः</u>

१. घर रहेको जग्गामा लिखत गरी लिंदाको अवस्थामा ३ फिटको बाटो थियो। त्यसबेला जग्गासम्म गाडी पुग्ने बाटो निकास थिएन। मोटर बाटो निकास पुर्याउनका लागि जग्गा आवश्यक परेकाले मेरा मित्र तथा जग्गाका सँधियार श्री नरेन्द्रप्रसाद पाठकबाट रु.

८,३००।— मूल्य कायम गरी साबिक कि.नं. ११११५ हालको कि.नं. २९६ को ०-०-१-२ (एक पैसा दुई दाम) जग्गा लिईएको छ। यो जग्गा समेत गर्दा घर रहेको जग्गाको कूल क्षेत्रफल ०-४-१-२ (चार आना एक पैसा दुई दाम) हुन आउँदछ।

२. घर निर्माणको मूल कार्य काठमाण्डौ महानगरपालिकाबाट विधिवत् निर्माण स्वीकृति लिई/नक्सा पास गरी २०५४/०५५ सालमा गरिएको हो। पछि २०५९/०६० सालमा २ कोठाको तल्ला थप गरेपछि मिति २०६०/२/२७ मा निर्माण सम्पन्न प्रमाणपत्र पनि प्राप्त भएको छ।

## ११. जग्गा प्राप्ति र घर निर्माणको आय श्रोतः

(१) कर्मचारी संचय कोषबाट पटक-पटक गरी करिव २ लाख जति रकम (एकीन अङ्क सम्झना भएन, केही हजार रकम घटि वा बढी हुन सक्तछ) कोषमा संचित रहेको रकम मध्येबाट सापटी लिईएको थियो। यो रकम यही चार आना जग्गा खरिद र घर निर्माण सम्बन्धी काममा नै खर्च भएको थियो।

(२) घर निर्माण प्रयोजनका लागि २०५७ सालमा घर जग्गा धितो राखी कर्मचारी संचय कोषबाट घर सापटी कार्यक्रम अन्तर्गत रु. ५ लाख ऋण सापटी लिएको थिएँ। सो रकम कर्मचारी संचय कोषलाई क्रमशः किस्ताबन्दीमा भुक्तान गरियो।

(३) भक्तपुर जिल्ला, कौशलटारमा २०४३ सालमा श्री निर्मलकुमार ढुंगाना (निज पछि पुनरावेदन अदालतको न्यायाधीश पदबाट सेवा निबृत्त भएको) बाट रु. १०,०००।- मूल्यमा लिएको बाटो नजोडिएको ०-६-० जग्गा करिब ७ बर्षपछि श्रीमती ज्ञानु निरौलालाई बिक्री गरी प्राप्त भएको करिव १ लाख रुपयाँ पनि यही घर जग्गामा नै परेको छ। अहिले २०८३ सालमा त्यही ६ आना जग्गाको मूल्य करिव २ करोड ५० लाख जति पर्दछ होला।

(४) मैले अंश बापत प्राप्त गरेको सुनसरी जिल्ला, चाँदवेला गा.वि.स. वडा नं. ९(ग), कि.नं. ५२ को मेरा सहोदर दाजु अच्युतप्रसाद खतिवडाका नाउँबाट आएको ०-८-०-० (आठ कठ्ठा) जग्गा (जमुवा तल्लो कित्ता भनिने जग्गा) बिक्री गरेको रकम समेतबाट मेरा बुढा मावली (आमाका मामाका छोराहरु) रामहरि पोखरेल तथा कृष्णहरि पोखरेल परिवारबाट मूल्य रु. २ लाखमा २ कठ्ठा जग्गा लिएको थिएँ। विराटनगर तिनटोलिया स्थित (महेन्द्र मोरङ क्याम्पस भन्दा पूर्व तर्फ रहेको) जहदा मूल सडक छेउको त्यसवेला गा.वि.स.,

ज.क. वडा. १(ख), कि.नं. ३२८४ को ०-२-०-० (दुई कठ्ठा) जग्गा बिक्री गरी आएको रु. ६ लाख रुपैयाँ समेत यही निर्माणको कार्यमा खर्च भएको छ। अहिले २०८३ सालमा त्यो २ कठ्ठा जग्गाको मूल्य करिव एक करोड जति पर्दछ भन्ने बुझिएको छ।

(५) मैले Colombo Plan अन्तर्गत भारतको चण्डिगढ स्थित पंजाव विश्वविद्यालयमा एल.एल.एम. तहमा अध्ययन गर्दाको दुई बर्ष अवधिमा प्राप्त गरेको छात्रबृत्ति मध्येको सन्चित रकम र अध्ययन विदा अवधिको तलव, भत्ताबाट संचित केही रकम समेत गरेर भक्तपुरको वालकोट स्थित (हाल काठमाण्डौ स्कूल अफ ल रहेको स्थानको नजिकै) केशवराज खरेलबाट मिति २०४९/८/२८ मा रु. १,२५,०००।— मा खरिद गरी ०-६-२-० (छ आना दुई पैसा) जग्गा मेरी पत्नी प्रभा खतिवडाको नाममा प्राप्त गरेको थिएँ। सो जग्गा खरिद गरेको करिव ६/७ बर्ष पछि रु. ६ लाखमा बिक्री गरियो। त्यो रकम समेत घर निर्माण कार्यमा नै खर्च भएको छ। अहिले २०८३ सालमा त्यो जग्गाको प्रचलित मूल्य करिव ३ करोड जति रहेको बुझिएको छ।

(६) नागरिक लगानी कोषबाट २०५७ साल असार मसान्तसम्म जम्मा भएको सवै रकम झिकिएको थियो। यो रकम पनि खर्च भएको छ।

(७) घर निर्माण कार्यमा करिव २ लाख रकम पैत्रिक सम्पत्तिबाट प्राप्त आय रकम पनि परेको छ भन्ने सम्झना रहेको छ।

(८) खासगरी २०५३ सालदेखि सेवा निबृत्त हुँदाको अवस्थासम्म लगभग नियमित रुपमा नै मैले कानून, न्याय, अदालत व्यवस्थापन, मेलमिलाप, वन्यजन्तु संरक्षण तथा मानव अधिकार सम्वन्धी विभिन्न कार्यक्रमको सिलसिलामा Resource Person / Key-note Speaker / Chair Person जस्ता भूमिका पनि निर्वाह गर्ने गरेको थिएँ। यस प्रकारको काम करिव एक/डेढ सय पटक जति नै गरियो होला। मेरा दर्जनौ लेख रचनाहरु पनि प्रकाशित भएका छन्। न्यायाधीश तथा अधिकृतहरुको क्षमता विकास सम्वन्धी प्रशिक्षण कार्यक्रमहरुमा पनि प्रशिक्षकको हैसियतमा धेरै पटक भूमिका निर्वाह गरियो। स्वभावतः यसरी वौद्धिक सेवा प्रदान गरे बापत अवस्था अनुसार धेरथोर पारिश्रमिक पाईने र लिने गरिएको थियो। यस क्रममा सामान्यतयाः प्रति कार्यक्रम रु. ५ हजार र यदाकदा कुनै कुनै लेख तथा कार्यक्रमका सन्दर्भमा रु. २०/२५ हजार सम्मका रकम पारिश्रमिकको रुपमा प्राप्त हुने गरेको थियो। यसलाई सरदर वा सालाखाला रुपमा (मोटामोटी रुपमा) भन्ने हो भने करिव १५/१६ लाखको हाराहारीमा रकम आर्जित भएको थियो होला।

**त्यस्ता पारिश्रमिकको कानून वमोजिम लाग्ने कर रकम श्रोतमा नै कट्टा गर्ने गरिएको पनि थियो।** यस कुराको तिथि-मिति सहितको बिस्तृत तथ्याङ्क मैले नराखेको र संस्मरणबाट पनि धेरै कुरा विस्मृतिमा गैसकेको हुँदा सवै विवरणको सूची यहाँ उल्लेख गर्न सम्भव भएन।

(९) घर निर्माणको क्रममा तत्काल आफ्नो आयश्रोत परिचालन हुन नसकेको अवस्थामा कतिपय साथीभाई, ईष्टमित्रहरुबाट सर-सापटी लिएर घरको निर्माण कार्य गरेको थिएँ। यसरी लिएको सापटी रकम पछि आफ्नो श्रोत, सम्पत्तिको परिचालन, वा व्यवस्थापन भएपछि फिर्ता भुक्तानी पनि गरियो। यही निर्माणको क्रममा एक पटक आफूसंग रहेको केही सुन पनि बिक्रि गरिएको थियो।

(१०) विभिन्न कार्यक्रमको सिलसिलामा म पटक-पटक वैदेशिक भ्रमणमा गएको तथ्य माथि नै उल्लेख भैसकेको छ। यसरी भ्रमणमा गएको प्रत्येक पटक कार्यक्रम अनुसार धेरथोर आम्दानी भएकै थियो। माथि उल्लेख गरिएअनुसार वैदेशिक अध्ययन, अवलोकन, अन्तर्क्रिया आदि विविध कार्यक्रमको सिलसिलामा भ्रमणमा जाँदाको क्रममा कम्तिमा २५ लाख र बढीमा ३० लाख रुपैयाँ वरावरको कूल रकम आर्जन भएको थियो। त्यसमध्ये सरदर करिव ३० प्रतिशतको हाराहारीमा भ्रमण क्रममा खर्च भएको र बाँकी करिव ७० प्रतिशत रकम संचित हुन पुगेको थियो।

(११) मैले पदीय हैसियतले कानून बमोजिम नियमित रुपमा भुक्तानी पाउने तलव, भत्ता, भ्रमण भत्ता, वैठक भत्ता जस्ता रकम (आम्दानी) को यहाँ अङ्क समावेश गरिएको छैन। त्यही आम्दानीबाट पारिवारिक जीवन-बृत्ति चलेको थियो। सार्वजनिक सेवाको पहिलो आधा भन्दा केही बढी अवधिमा आम्दानी र खर्चको अनुपातमा खासै धेरै अन्तर थिएन। त्यस अवधिमा कहिले केही मात्रामा संचित हुन्थ्यो, कहिले कहिले ऋणात्मक अवस्था पनि बन्ने गर्दथ्यो। पछिल्लो १७/१८ वर्षको सेवा अवधिमा भने छोराछोरीहरु पनि आत्मनिर्भर भैसकेका थिए, उनीहरुका लागि मैले खर्च दिनु नपर्ने अवस्था आयो। छोरा, छोरी र बुहारी नै मलाई आवश्यकता अनुसार भरथेग गर्न सक्ने र गर्ने भए। अर्कातर्फ मेरो पदीय हैसियत पनि क्रमशः माथिल्लो तहहरुमा हुन पुग्यो। यसपछि भने मैले नियमित रुपमा भुक्तानी पाउने तलव, भत्ता रकमबाट संचितिको मात्रा पनि बढेको थियो।

(१२) उपरोक्त अनुसार मैले पदीय हैसियतले कानून बमोजिम नियमित रुपमा भुक्तानी पाउने तलव, भत्ता जस्ता रकम बाहेक नै लगभग ५५/६० लाखको हाराहारीमा मेरो अतिरिक्त आम्दानी (आर्जन) भएको थियो। यो कुरा माथि उल्लेख गरिएको विवरणबाट पुष्टि हुन्छ। यही रकम मध्येबाट नै चार आना एक पैसा दुई दाम जग्गा खरिद गरी घर निर्माण गर्नुका अतिरिक्त छोराछोरीको पढाई खर्च र व्यवहारिक आवश्यकता अनुसारका अन्य खर्च गरिएको हो।

(१३) यस प्रकारबाट ०-४-१-२ (चार आना एक पैसा दुई दाम) जग्गा प्राप्त गरी अढाई तल्लाको केवल ८ कोठाको एउटा घर निर्माण गरेर गुजारा गरी आएको छु। यसलाई नै मैले करिव ४४ वर्षको सार्वजनिक सेवामा रहँदाको अवधिमा आर्जन गरेको एक मात्र सम्पत्ति भनी बुझ्न पनि सकिन्छ। अहिले २०८३ सालको मूल्य अनुसार करिव ६/७ करोड मूल्य पर्ने जग्गा यही घर निर्माणको प्रयोजनका लागि केही लाख रुपैयाँमा (वर्तमान अवस्थामा प्रचलित जग्गाको मूल्यका तुलनामा भन्ने हो भने "कौडीको दाममा") बिक्री गरियो। त्यसबेला आवश्यकता थियो र पाएको दाममा आफ्नो सम्पत्ति आफ्नै ईच्छाले बिक्री गरियो। समय-सन्दर्भ र व्यवहारिक आवश्यकताको कुरा हो। यसरी बिक्री गरेको कुरामा अहिले मलाई कुनै पछुतो पनि छैन।

## १२. <u>जग्गाको विवरणः</u>

१. मेरो नाममा सुनसरी जिल्ला, मधेशा ९ (ख) कि.नं. १३६८ मा ०-६-१५-०, मधेशा ९ (ख) कि.नं. १३६९ मा ०-८-०-० र मधेशा ९ (ख) कि.नं. २१३१ मा ०-४-६-० गरी **<u>कूल १९ कठ्ठा १ धुर जग्गा</u>** रहेको छ। उक्त तीन वटा कित्ता जग्गा मैले अंश वापत तथा पिताज्यू तोयानाथ खतिवडा र कान्छो भाई पुरुषोत्तम खतिवडाको शेषपछि अपुतालीको माध्यमबाट प्राप्त गरेको मध्येको पैत्रिक सम्पत्ति हो।

२. हाम्रा माता-पिताका हालसम्म जिवित रहेका हामी ५ जना दाजुभाई र हाम्रा छोराछोरी तथा भतिजा भतिजीहरुले सामुहिक रुपमा योगदान गरेर हाम्रा पिता-माता **"तोयानाथ र नर्मदादेवी"** को नाममा स्थापना गरेको टि.एन. बहुमुखी क्याम्पस, बलाहाको स्थापना गरेका छौं। सो क्याम्पस स्थापना र संचालनार्थ मैले अरु पनि केही योगदान गरेको छु। अन्य कुराहरुका अतिरिक्त मेरो नाममा दर्ता रहेको माथि उल्लिखित जग्गा मध्येबाट २ कठ्ठा जग्गा दानको रुपमा पारित गरेर दिने बचन पनि दिएको छु। सो दुई कठ्ठा जग्गा

हाल क्याम्पसको भोगचलनमा नै रहेको छ। यो दुई कठ्ठा जग्गाको हाल २०८३ सालको प्रचलित मूल्य करिब ५० लाख जति रहेको बुझिन्छ। सो २ कठ्ठा जग्गा अनुकूल समयमा रजिष्ट्रेशन पारित गरेर क्याम्पसलाई हक हस्तान्तरण गरिने नै छ। क्याम्पसको सुसंचालनको लागि हामीले प्रदान गरेको योगदान मात्र पर्याप्त थिएन। त्यसैले स्थानीय उदारमना समाजसेवीहरु, ईनरुवा नगरपालिका लगायत त्रिभूवन विश्वविद्यालय समेतबाट केही आर्थिक सहयोग लिईएको/प्राप्त भएको थियो। हाल यो क्याम्पस संचालनमा नै रहेको छ।

३. मेरो नाममा रहेको उल्लिखित तीन कित्ता जग्गा हाल ईनरुवा न.पा. क्षेत्र भित्र परेको छ। साविकमा राम्रो उव्जा-वाली हुने यो उर्वर खेतीयोग्य जग्गा अहिले मूल्यवान घडेरीको रुपमा परिणत भएको छ।

४. माथि उल्लेख गरिए अनुसारको पत्नी प्रभा खतिवडाको नाममा रहेको अढाई तले कूल ८ वटा कोठा भएको का.न.पा. ४ विशालनगर, टुँडालदेवी स्थित एउटा घर र सो घर रहेको चार आना एक पैसा दुई दाम जग्गा तथा "माथि उल्लेख भए अनुसारको मेरो नाममा रहेको ३ कित्ता पैत्रिक सम्पत्ति (जग्गा)" बाहेक मेरो अरु कुनै जग्गा छैन। मेरो अर्को कुनै घर पनि छैन। जो भएको घर जग्गा सम्बन्धी सम्पत्ति यति मात्रै हो।

**१३. <u>कृषि तथा पशुधनः</u>**

मसंग दोपाया, चौपाया आदि कुनै पनि प्रकारको पशुधन छैन। न गाई-गोरु, न भैंसी-राँगा, न परेवा, न त कुखुरा, न कुकुर, न बिरालो कुनै प्रकारका जीव-जन्तु मसंग छैनन्। यस पाटोमा मैदान पुरै खाली छ। कृषिको हकमा, क्याम्पसको भोगचलनमा रहेको बाहेक करिव १७ कठ्ठा जग्गामा हुने दुई वाली उव्जाको स्वभाविक आय भने प्राप्त हुने गरेको छ।

**१४. उद्योग / व्यवसाय / साझेदारी / कम्पनीमा लगानी सम्वन्धी विवरणः**

मिति २०७२/२/२९ मा अपर तामाकोशी हाईड्रोपावर लि.मा रु. ७,२००।— मूल्य को १०० दरका ७२ थान शेयर आफ्नो तलब भत्ता रकमबाट लगानी गरी लिएको छु। सो मूल्य रु. ७,२००।— को ७२ थान शेयर बाहेक मैले अरु कुनै पनि कम्पनीमा कुनै प्रकारको लगानी गरेको छैन। अरु कुनै उद्योग, व्यवसाय, साझेदारी वा कम्पनीमा पनि लगानी गरेको छैन।

## १५ बैंक तथा वित्तीय संस्थामा रहेको खाता र मौज्दातको विवरणः

संयोगवस् ७/८ वटा संख्यामा वैङ्कमा खाता खोल्न पुगियो। प्रायः सवैजसो वैङ्क खाता सार्वजनिक सेवाका क्रममा तलव भत्ता भुक्तानीका लागि खोलिएका थिए। वैङ्क खाता खोलिएको सन्दर्भ, प्रयोजन र खातामा मौजदात रकम सम्वन्धी विवरण निम्नानुसार रहेको छः

(१) २०३५ सालमा प्रदर्शनी मार्ग, भृकुटीमण्डप स्थित नेपाल ल क्याम्पसमा अध्ययनको क्रममा मेरो नाममा राष्ट्रिय वाणिज्य वैंङ्क, सिंहदरवार शाखा (हाल यसलाई पुतलीसडक शाखा भनिएको रहेछ) मा वचत खाता खोलिएको थियो। करिव २०६५ सालसम्म यो खाता लगभग नियमित रुपमा संचालनमा रहेको थियो। त्यसपछि आफ्नो व्यवहारिक सुविधा र अनुकूलताको कारणबाट संयोगवस् अन्य वैङ्कमा खाता संचालन गर्न पुगिएकाले २०६५ सालपछि ज्यादै सीमित रुपमा मात्र यो खाता संचालनमा रहेको छ। मेरो नामको सवै भन्दा पुरानो वैङ्क खाता भएकाले भावनात्मक सम्वन्धको कारणले यो खातालाई निरन्तरता दिईएको हो। हाल यो खातामा लगभग ४० हजार रुपैयाँ जति रकम मौजदात होला। यो रकमको श्रोत मेरो सेवाकालको पारिश्रमिक हो।

(२) पहिलेदेखि आफ्नो खाता संचालनमा रहेको रा.वा.वैङ्क पुतलीसडकमा विदेशी मुद्रा सम्वन्धी करोवार गर्ने गरिएको रहेनछ। त्यसैले छोरी ईभा वेलायत अध्ययनार्थ जाने सिलसिलामा पाकेट खर्चको लागि विदेशी मुद्रामा वैङ्क ड्राफ्ट बनाउने समेत प्रयोजनका लागि आवश्यक भएर मेरो नाममा हिमालयन वैंङ्क लि. महाराजगञ्ज शाखामा २०६४ सालमा वचत खाता खोलिएको थियो। यो खाता अहिले खासै प्रयोगमा रहेको छैन। अहिले न्यूनतम् मौजदात (करिव ५/६ हजार रुपैयाँ) मात्र खातामा रहेको छ। तर अहिले यो खातासम्म जिवित रहेको छ।

(३) मेरो नाममा २०६५ सालमा नेपाल ईण्भेष्टमेण्ट वैंङ्क लि. पुलचोक शाखामा वचत खाता खोलिएको थियो। त्यसबेला म कार्यरत रहेको तत्कालीन पुनरावेदन अदालत पाटनबाट तलव भत्ता भुक्तानी गर्न यही वैङ्कमा खाता संचालन गर्ने गरिएको थियो। त्यही कारणबाट यो खाता संचालनमा ल्याउनु परेको हो। हालसम्म यो खाता नियमित रुपमा संचालनमा रहेको छ। हाल यो खातामा लगभग ३ लाख ५८ हजार रुपैयाँ मौजदात रहेको छ। यो रकम मेरो पारिश्रमिक र निबृत्तभरण मध्येको रकम हो।

(४) तत्कालीन पुनरावेदन अदालत बुटवलमा कार्यरत रहँदाको अवस्थामा मैले अदालतबाट पाउने पारिश्रमिक रकम भुक्तानी गर्ने प्रयोजनका लागि स्थानीय माछापुच्छ्रे वैंङ्क लि.मा मेरो नाममा २०६८ सालमा वचत खाता खोलिएको थियो। यो खाता पछि पुनरावेदन अदालत राजविराजमा कार्यरत रहँदा २०७२ सालसम्म पारिश्रमिक रकम भुक्तानी प्राप्त गर्ने प्रयोजनका लागि प्रयोगमा रहेको थियो। त्यसपछि मलाई यो खाता संचालन गर्नु पर्ने आवश्यकता नपरेकाले न्यूनतम् मौजदात (सम्भवतः २/३ सय जति रकम) बाँकी रहेको अवस्थामा विगत करिव १० वर्षदेखि यो खाता संचालन गरिएको छैन। सम्भवतः अहिले यो खाता निस्कृय भैसकेको पनि होला। यो खातामा संस्थागत रुपमा प्रदान गरिने पारिश्रमिक रकम नै जम्मा हुने गरेको थियो।

(५) पुनरावेदन अदालत दिपायलमा कार्यरत रहँदाको अवस्थामा मैले अदालतबाट पाउने पारिश्रमिक रकम भुक्तानी गर्ने प्रयोजनका लागि दिपायल स्थित एन.सि.सि. वैङ्क लि.मा वचत खाता खोलिएको थियो। दिपायलबाट मेरो स्थानान्तरण भएपछि यो खाता संचालनको प्रयोजन रहेन। न्यूनतम् मौजदात (सम्भवतः २/३ सय जति रकम) बाँकी रहेको अवस्थामा विगत करिव ११ वर्षदेखि यो खाता संचालन गरिएको छैन। अहिले यो खाता पनि निस्कृय भैसकेको होला। यो खातामा संस्थागत रुपमा प्रदान गरिने पारिश्रमिक रकम मात्र जम्मा हुने गरेको थियो।

(६) मेरो नाममा २०७३ सालमा खोलिएको (साविक) वैङ्क अफ काठमाण्डौ, (हाल) ग्लोवल आई.एम.ई. वैंङ्क लि. सर्वोच्च अदालत शाखामा वचत खाता रहेको छ। मेरो कार्यस्थल सर्वोच्च अदालत रहेको अवस्थामा सो अदालतबाट तलव, भत्ता आदि रकम भुक्तानी गर्न यही वैङ्कको खाता प्रयोग गर्ने गरिएको थियो। पारिश्रमिक रकम भुक्तानी व्यवस्थाका कारणबाट यो खाता संचालन गर्नु परेको हो। अदालतबाट नियमित रुपमा भुक्तानी गरिएको रकम बाहेक अरु कुनै रकम यो खातामा थप गरी राखिएको थिएन, छैन। हालसम्म यो खाता संचालनमा नै रहेको छ। यो खातामा अहिले लगभग १ लाख ३० हजार रुपैयाँ मौजदात बाँकी रहेको छ। यो रकमको श्रोत पनि मेरो सेवाकालको पारिश्रमिक हो।

(७) म सेवाबाट निबृत्त भएपछि निबृत्तभरण रकम भुक्तानीका लागि राष्ट्रिय वाणिज्य वैंङ्क टंगाल शाखामा खोलिएको **"Pension Account"** २०८० चैत्रदेखि संचालनमा रहेको छ। यस खातामा २०८३ साल जेष्ठ मसान्तसम्म मैले निबृत्तभरण बापत भुक्तानी पाएको रकम मध्ये **अधिकांश रकम आफ्नो व्यवहारिक आवश्यकता अनुसार समय-समयमा झिकेर खर्च**

**गरिएको** छ। खर्च हुनबाट जोगिएको केही रकम अहिले सोही खातामा मौजदात रहेको छ।

**ज्ञातव्य छः** यो Pension Account मा राज्यको तर्फबाट प्रदान गरिएको पेन्सन रकम बाहेक अरु कुनै रकम जम्मा गर्न वा राख्न मिल्ने रहेनछ।

(८) नगदको हकमा करिव ३५/४० हजार रुपैयाँ जति दैनिक व्यवहारको लागि मसंग नगद रहेको छ। विदेशी मुद्राको हकमा म विदेश भ्रमणमा जाने सिलसिलामा कानून बमोजिम वैङ्कबाट सटही गरेर लगेको रकम मध्ये केही सामान्य वा सिमित रकम खर्च नभै आफैसंग बाँकी रहन पुगेको छ। यो विदेशी मुद्रामा रहेको रकम नेपाल सरकार वा नेपाल राष्ट्र वैङ्कले तोके अनुसार आफूसंग राख्न पाउने रकमको सिमा भन्दा बढी छैन।

(९) श्रीमती प्रभा खतिवडाको नाममा राष्ट्रिय वाणिज्य वैंङ्क टंगाल शाखामा वचत खाता रहेको छ। यस खातामा अहिले करिव ५ लाख ५० हजार रुपैयाँ मौजदात रहेको बुझेको छु। यो रकम निज प्रभा खतिवडाको "स्त्री-धन"को परिभाषा भित्र पर्ने निजको निजी संचितिको रकम हो।

(१०) प्रभा खतिवडाको नाममा नेपाल ईण्भेष्टमेण्ट मेघा वैङ्क, वालुवाटार शाखामा पनि वचत खाता रहेको छ। यस खातामा अहिले करिव ८ लाख रुपैयाँ मौजदात रहेको बुझेको छु। यो रकममा मैले सेवा निबृत्त हुँदा संचित विदा रकम र औषधोपचार वापत पाएको रु. २५,८५,३०७।०० मध्येको ५ लाख रकम पनि समावेश छ। अरु करिव ३ लाख रकम निज प्रभाको निजी संचिति रकम हो।

## १६. शेयर, ऋणपत्र, बचतपत्र सम्वन्धी विवरणः

अपर तामाकोशी हाईड्रोपावर लि.को ७,२०० मूल्यको ७२ थान शेयर खरिद गरिएको छ। यसको विवरण माथि पनि उल्लेख भैसकेको छ। सो बाहेक मैले अन्य कुनै प्रकारको शेयर वा ऋणपत्र वा बचतपत्र लिएको वा राखेको छैन।

## १७. विदेशस्थित बैंक वा वित्तीय संस्थामा खाता खोलिएको र संचिति सम्वन्धमाः

पंजाव विश्वविद्यालय, चण्डिगढ भारतमा अध्ययनको क्रममा प्राप्त हुने छात्रबृत्ति रकम भुक्तानीको लागि विश्वविद्यालय परिसर भित्र रहेको स्थानीय वैङ्कमा वचत खाता खोलिएको थियो। सन्

१९९२ मा अध्ययन पुरा गरेर स्वदेश फर्कनु अगाडि उक्त खाता पनि बन्द गरियो। यसैगरी सन् २००४/२००५ मा Research प्रयोजनका लागि Danish Institute for Human Rights, Copenhagen, Demark मा रहेको अवस्थामा छात्रबृत्ति रकम भुक्तानी प्रयोजनका लागि स्थानीय बैङ्कमा खाता खोलिएको थियो। Research को कार्य सकेर स्वदेश फर्कनु अगाडि उक्त खाता पनि बन्द गरियो। उल्लेखित छात्रबृत्ति खाता बाहेक कुनै पनि विदेश स्थित बैंङ्क वा वित्तीय संस्थामा मैले कुनै पनि प्रकारको खाता खोलेको छैन, कही कतै कुनै रकम मौजदात रहेको वा राखेको छैन।

**१८. <u>परिवारका सदस्यहरूको आम्दानी र खर्च सम्वन्धमाः</u>**

१. छोरा अपूर्व खतिवडा त्रिभूवन विश्वविद्यालय अन्तर्गत नेपाल ल क्याम्पसमा उप-प्राध्यापकको रुपमा कार्यरत छ र त्रि.वि.वि.को नियमानुसार पारिश्रमिक प्राप्त गर्दछ। यसका अतिरिक्त एउटा व्यस्त कानून व्यवसायीको हैसियतले पनि पेशामा सकृय रुपमा संलग्न रहेको छ। स्वभावतः यो पेशाबाट पनि अपूर्वको आम्दानी भएकै हुनुपर्दछ। तर निजको सबै आम्दानी र खर्चको एकीन जानकारी मलाई छैन। उसले त्रि.वि.वि.को उप-प्राध्यापकको हैसियतमा हरेका वर्ष कानून बमोजिम आफ्नो सम्पत्ति विवरण पेश गर्ने गरेको भन्ने कुरासम्म मेरो जानकारीमा छ। तर निजले पेश गरेको विवरणको अन्तरवस्तु भने मेरो जानकारीमा छैन।

२. उमेर पुगेको (वयष्क) छोरा अपूर्वको आम्दानी खर्चको हर-हिसाव मसंग रहने कुरा होईन। हरेक व्यक्तिमा आ-आफ्नो वैयक्तिक प्रतिष्ठा, स्वतन्त्रता र गोपनीयताको हक रहन्छ। आधुनिक यूगमा प्राविधिक रुपमा एकाघर सगोलमा रहे-बसेको भए पनि कतिपय निजी र वैयक्तिक कुराहरु परिवारका अन्य सदस्यहरुलाई जानकारी दिई रहनु आवश्यक हुँदैन। परिवारका कुनै सदस्यले गरेको कार्यको दुष्परिणाम वा सजाय सोही परिवारका अन्य सदस्यले भोग्नु पर्ने कुरा इतिहासका विषय मात्रै हुन्। "परिवार" शव्दको पुरातन शैलीको अव्यवहारिक बुझाई र परिभाषाले आधुनिक खुला समाजको मूल्य, मान्यतालाई वस्तुपरक रुपमा सम्वोधन गर्न सक्तैन भन्ने मलाई लाग्दछ। सार्वजनिक जवाफदेहिताको पदमा रहेका कुनै पनि व्यक्तिको यदि अवैध रुपमा आर्जन गरिएको सम्पत्ति नाता सम्वन्धी मानिस लगायत अरु जोसुकै व्यक्तिको नाममा राखिएको भए पनि राज्यले सो कुरा कानूनी प्रकृयाबाट पत्ता लगाउनु पर्दछ र न्यायको दायरामा ल्याउनु नै पर्दछ। तर "परिवार" शव्दको पुरातन शैलीको "विस्तारित प्रयोग" गरेर राज्यले प्रमाणित गर्नु, गराउनु पर्ने यो जिम्मेवारी (प्रकारान्तरले, अनुचित रुपमा)

कुनै व्यक्तिको वैयक्तिक प्रतिष्ठा प्रतिकूल हुने र वैयक्तिक गोपनीयताको हकमा असर पर्ने गरी निरोपित गर्नु उचित हुँदैन भन्ने म ठान्दछु।

३. अहिले हामी दम्पत्ति तथा छोरा र बुहारी गरी ४ जनाको भात भान्सा सामुहिक भएपनि आम्दानी खर्चको कुरामा आफ्नो आफ्नो स्वेच्छामा नै गर्ने गरिएको छ। सामान्य घरायसी व्यवहारको कुरामा मौका परिस्थिति अनुसार परिवारका सवैको खर्च हुने नै भयो। सेवाबाट निबृत्त भएपछि हामी दम्पतिले गरेका केही वैदेशिक भ्रमणहरुका लागि छोरा अपूर्वले नै यातायात खर्च तथा होटल बास खर्च जुटाई दिएको पनि थियो। अहिलेसम्म अवश्य नै हामी परिवारका सदस्यहरुका वीच भावनात्मक सद्भाव र समझदारी कायम छ। तर मैले अहिलेसम्म छोराको आम्दानी खर्चको हर-हिसाव लिएको वा खोजेको वा राखेको छैन। अपूर्व विगत १६/१७ वर्षदेखि आफ्नै निजी ल फर्म खोलेर कानून व्यवसायमा संलग्न छ। तर मैले आज पर्यन्त उसको ल फर्म देखेको छैन। छोराको काम र गतिविधि हेर्ने रहर प्रायः सवै वावु-आमालाई हुन्छ होला। मलाई पनि छ। तर मैले अपूर्वको ल फर्म हेर्नेसम्मको कुरामा पनि रुचि राखिन। मेरो न्यायिक पृष्टभूमि रहेको कारणबाट अपूर्वको व्यावसायिक कार्यस्थलमा मेरो उपस्थितिले अन्यथा अर्थ लगाउने अवस्था पैदा नहोस् र विलकूल स्वतन्त्र रुपले उसले आफ्नो व्यक्तित्व विकास गरोस् भन्ने अभिप्रायले मैले निजको ल फर्म हेर्ने कुरामा रुचि नराखेको हो। उपरोक्त पृष्टभूमिमा "मेरो कुनै आम्दानी छोरा अपूर्वलाई राख्न दिएको वा निजका नाउँमा राखेको छैन" भनी स्वघोषणा गर्नु नै मेरो हकमा पर्याप्त छ भन्ने ठान्दछु।

४. बुहारी सुदेश्ना थापा खतिवडा The Asia Foundation मा Senior Research and Knowledge Management Specialist को रुपमा कार्यरत रहेकी छन्। बुहारीको आम्दानी के कति छ? खर्च के कुरामा कसरी गरेकी छन्? संचिति रकम कति छ? भन्ने कुराको मैले अहिलेसम्म कहिले पनि खोजी गरेको वा चासो राखेको छैन। निज एक राम्रो आर्थिक हैसियत भएका परिवारकी एक मात्र छोरी भएकी र आफै पनि आय आर्जन हुने पेशामा संलग्न रहेकी हुँदा निजसंग अवश्य नै केही सम्पत्ति हुनु स्वभाविक छ। तर आधुनिक खुला समाजमा वैयक्तिक प्रतिष्ठा र गोपनीयताको विषय जोडिएको यस प्रकारको काम कुरामा मैले चासो राख्नु शोभनीय ठानेको छैन। मैले स्वघोषणा गर्ने कुरा के मात्रै हो भने मेरो कुनै आम्दानी पनि निजलाई राख्न दिएको वा निजका नाउँमा राखेको छैन। यस प्रसंगमा मैले भन्न सक्ने कुरा यति नै हो।

५. मेरो छोरा अपूर्व खतिवडा र बुहारी सुदेश्ना थापा (खतिवडा) को नाममा पनि अवश्य नै वैंङ्कमा खाता संचालनमा रहेका होलान्। उनीहरुको कारोवार व्यवहारको कुराको यथार्थ जानकारी मलाई छैन। माथि नै उल्लेख भए अनुसार यो उनीहरुकै वैयक्तिक स्वतन्त्रता सम्वन्धित निजी कुरा हो। मैले उनीहरुको नाममा आफ्नो कुनै पनि प्रकारको आर्जित रकम राख्न दिएको छैन भनी घोषित गर्नु नै मेरो हकमा पर्याप्त छ। उनीहरुको व्यवहार निश्चित रुपमा निष्ठा र सदाचारयुक्त नै छ भन्ने कुरामा मेरो पूर्ण विश्वास र भरोसा रहेको छ। उनीहरुको नितान्त निजी आम्दानी, खर्च र वैयक्तिक व्यवहारको कुरामा म जवाफदेही हुने कुरा पनि होईन।

६. मेरी छोरी ईभाले बेलायतबाट Chartered Accountancy Course पुरा गरेकी छ। अध्ययनको क्रममा ईभाले Part Time Job गरेर खर्च जुटाउने काम पनि गर्ने गरेको थियो। अहिले छोरी ईभा AGCO नामको Fortune 500 सूचीमा समावेश रहेको ठुलो बहुराष्ट्रिय U.S. Corporation **मा** Global Controller, Supply Chain सम्वन्धी काम हेर्ने **Senior Director** को हैसियतमा कार्यरत रहेकी छ। Wake Forest University, Wichita, Kansas, USA बाट Biomedical विषयमा Master's Degree गर्नु भएका ज्वाई असिम उप्रेती Pfizer pharmaceuticals, McPherson, Kansas **मा** Senior Manager / Digital Leader को हैसियतमा कार्यरत हुनुहुन्छ। छोरी र ज्वाईको आय आर्जन अपेक्षाकृत राम्रै छ भन्ने मलाई लाग्दछ। उनीहरुको आम्दानी र खर्चको विस्तृत विवरण मेरो जानकारीमा रहने वा राख्ने कुरा मनासिव र व्यवहारिक पनि छैन। उनीहरुको जे जो आम्दानी छ, त्यो उनीहरुसंगै छ। मैले स्वघोषणा गर्ने कुरा के मात्रै हो भने मेरो कुनै पनि आम्दानी निजहरुलाई दिएको वा निजहरुका नाउँमा राखेको छैन।

## १९. <u>सुन, चाँदी, अन्य बहुमूल्य जवाहरातको विवरणः</u>

(१) सुन चाँदी जस्ता धातु लगाउने कुरामा मलाई कहिले पनि आकर्षण भएन। यसलाई म जीवनको अनावश्यक भार भन्ने सम्झन्छु र यस्ता कुरा धारण गर्दा आफ्नो जीवनमा कुरुपता थपिएको महशुस गर्दछु। केही सामाजिक व्यवहारहरुका सन्दर्भमा मलाई सुनका सामान्य परिमाणका केही औठी, केही सिक्री जस्ता वस्तु शिष्टाचारको रुपमा उपहारस्वरुप प्राप्त भएका थिए। तर त्यसलाई मैले धारण गरिन। सुन, चाँदीलाई म एक प्रकारको भार भन्ने सम्झन्छु। धेरथोर मात्रा जति भए पनि सुन, चाँदीको भार बहन गर्ने क्षमता सम्भवतः मसंग छैन होला। त्यसैले आफुलाई उपहारको रुपमा प्राप्त भएका

गहनाजन्य कुराहरु तत्काल श्रीमतीको जिम्मा लगाएर भारबाट मुक्त हुने गरेको थिएँ। मैले राज्यबाट पाएका “सुप्रवल गोरखादक्षिणबाहू”, “प्रसिद्ध प्रवल जनसेवा श्री” आदि विभूषणहरु पनि एक प्रकारले गहना हुन् भन्ने ठान्दछु। तर यसलाई भने आफैसंग सुरक्षित राखेको छु। संस्थागत रुपमा दिईएका चाँदीका अन्य केही पदकहरु पनि मसंग छन्। सो बाहेक अहिले मसंग सुन, चाँदी, हिरा जवाहरात केही पनि छैन।

(२) मसंग २/४ वटा घडीहरु छन्। तर अहिले करिव २० बर्ष भयो, घडी लगाउने गरेको छैन। पहिले २० वर्ष भन्दा अगाडि घडी लगाउने गर्दथें। मोवाईलको प्रयोग गर्न थालेपछि घडीको आवश्यकता रहेन। मैले कुनै चिज धारण वा प्रयोग गर्दा आवश्यकता भए मात्र धारण गर्ने गरेको छु। राम्रो देखिने वा कुनै कृत्रिम प्रतिष्ठा आर्जन गर्ने जस्ता कुराका दृष्टिले सुनका औंठी-सिक्री, चाँदीका कुनै सामान, घडी वा अरु यस्तै कुराहरु लगाउने कुरामा मलाई आकर्षण भएन। त्यसैले यस्ता धातु संकलन गर्ने कुरामा पनि रुचि पैदा भएन।

(३) अहिले श्रीमती प्रभा खतिवडासंग करिव १५ तोला जति सुनका गर-गहनाहरु छन्। यो मोटामोटी रुपमा उल्लेख गरिएको परिमाण हो। पुराना गरगहनाको तौल नगरिएको हुँदा यो परिमाणमा केही सामान्य (केही आना) फरक पर्न पनि सक्तछ।

(४) उल्लिखित सुनका गरगहनाहरु मध्ये केही पैत्रिक, केही विवाह जस्ता सामाजिक कार्यका सिलसिलामा हामी दम्पतिलाई प्राप्त भएको र केही खरिद गरेको हो। यसको प्राप्तिको कतिपय तिथि-मिति संस्मरणमा नरहेकाले अहिले खुलाउन सम्भव र व्यवहारिक छैन।

(५) सुनको माथि खुलाईएको परिमाणमा छोरा-बुहारीको सुन चाँदीको विवरण समावेश छैन। यस विषयमा मलाई कुनै जानकारी पनि छैन। बुहारीको गरगहना सम्बन्धमा मैले चासो राखेर हिसाव खोज्नु पनि मनासिव हुँदैन। विवाहको सिलसिलामा गरिएको सामान्य व्यवहार बाहेक मैले छोरा-बुहारीलाई कुनै सुन चाँदी राख्न दिएको छैन।

(६) चाँदीका गाग्री, खटकुलो लगायतका भाँडा-बर्तन करिव दुई किलो जतिको होला। यो केही पैत्रिक, केही विवाह जस्ता सामाजिक कार्यका सिलसिलामा प्राप्त भएको, र केही श्रीमतीले खरिद गरेको हो। विभिन्न समयमा सामाजिक व्यवहारको सिलसिलामा प्राप्त भएको हुँदा अहिले ति सवै प्राप्तिको तिथि-मिति खुलाउन सकिने अवस्था छैन।

चाँदीका उल्लिखित सामान पनि श्रीमती प्रभा खतिवडाको "स्त्री-धन" अन्तर्गतको सम्पत्ति हो भनी मैले ठान्ने गरेको छु।

## २०. सवारी साधनको विवरणः

मेरो नाममा GRAND i10 Hyundai Car रहेको छ। साविक बा.प्र.—०१-००२ झ, ५६६५ नं. को सो गाडी परिवर्तित नं. बा.-०१०३०-च-०५०६ कायम भएको छ। हालसम्म मेरो आफ्नै प्रयोगमा रहेको यो सवारी साधन **"सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा ७ बमोजिम"** प्राप्त गरेको हो। सर्वोच्च अदालत प्रशासनको मिति २०८०/११/१८ को निर्णय अनुसार यातायात व्यवस्था कार्यालय, वागमती प्रदेश, ललितपुरबाट मिति २०८०/१२/२७ मा सो सवारी साधन मेरो नाममा नामसारी भई आएको छ। सेवाबाट निबृत्त हुँदाको अवस्थामा संचित घर विदा तथा विरामी विदा बापत तथा औषधोपचार वापत रु. २५,८५,३०७।०० कानून बमोजिम अदालतबाट भुक्तानी लिएको थिएँ। सो रकम मध्येबाट रु. १७,८९,६१०।८८ उल्लिखित च-०५०६ नं. को Second hand गाडी बापत रकम भुक्तानी गरेको थिएँ।

## २१. यान्त्रिक तथा विद्युतीय उपकरण सम्वन्धी विवरणः

मसंग 16Plus iphone एक थान, Samsung Company द्वारा उत्पादित मोवाईल एक थान, Lenovo Think Pad (ल्यापटप) एउटा र करिव २० बर्ष अगाडि लिएको एउटा पुरानो (हाल प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको) ल्यापटप रहेको छ। 16Plus iphone र Lenovo Think Pad (ल्यापटप) मेरी छोरी ईभाले अमेरिकामा नै खरिद गरी मलाई उपहारस्वरुप पठाई दिएकी हो। Printer, Washing Machine जस्ता अरु पनि घरेलु प्रयोजनका केही सामानहरु घरमा रहेका छन्। यो दैनिक प्रयोगका अत्यावश्यक सामान भएकाले यस सम्वन्धमा थप कुरा उल्लेख गरिरहनु परेन। सामान्य दैनिक प्रयोगका यान्त्रिक सामान बाहेक मसंग अरु कुनै विशेष उल्लेखनीय कुनै यान्त्रिक तथा विद्युतीय उपकरण छैनन्।

२२. **ऋण लिएको वा दिएको विवरणः**

पहिले (खासगरी) घर निर्माणको अवस्थामा आवश्यकता अनुसार संस्थागत रुपमा र व्यक्तिगत तबरबाट पनि ऋण/सापटी लिईएको थियो। त्यो व्यवहार क्रमशः अनुकूलता अनुसार मिलाईयो। तर आजको अवस्थामा मैले कसैबाट कुनै व्यक्तिगत वा संस्थागत रुपमा ऋण लिएको छैन। मैले कोही कसैलाई कुनै ऋण दिएको पनि छैन। कसैसंग कुनै रकम लिनु पनि छैन, कसैलाई कुनै रकम दिनु पनि छैन। अहिले म अऋणी छु।

२३. **अन्य सम्पत्तिको विवरणः**

मसंग मेरा स्वभाविक दैनिक आवश्यकता पूर्तिका लागि आवश्यक पर्ने लत्ता-कपडा, भाँडाकुँडा लगायतका घरेलु प्रयोगका आधारभूत सर-सामानहरु अवश्य नै छन्। सो बाहेक यहाँ उल्लेखनीय अन्य कुनै सम्पत्ति छैन।

२४. **अन्तमाः**

यसरी माथिका विभिन्न प्रकरणहरुमा उल्लेख गरिए अनुसार करिव ४४ बर्ष मैले सार्वजनिक सेवा गरेको थिएँ। करिब ३० बर्ष विभिन्न तहका अदालतको न्यायाधीशको हैसियतले न्यायिक सेवामा संलग्न रहें। पटक-पटक विदेश भ्रमण पनि गरियो। वौद्धिक तथा शैक्षिक उन्नयनका लागि पनि श्रोतव्यक्तिको हैसियतले पटक-पटक वौद्धिक सेवा प्रदान गर्ने काम पनि गरियो। केही पैत्रिक सम्पत्ति पनि परिचालन गरियो। यसरी मेरा वैध आयश्रोत विभिन्न किसिमका थिए। मैले आफ्नो जीवनकालमा आर्जन गरेको अचल सम्पत्ति भनेकै का.म.न.पा. ४ विशालनगर, टुँडालदेवी स्थित चार आना एक पैसा दुई दाम जग्गा र कूल ८ वटा कोठा भएको अढाई तल्ले एउटा घर मात्रै हो।

हालसम्म म सरल र एकसरो जीवन बाँचेको छु। तडकभडक गर्ने रहर जीवनमा कहिले पनि पैदा भएन। जीवन-शैली सरल र मितव्ययी किसिमको बन्न गयो। म बाँचेको समाजका कतिपय मानिसलाई अनौठो र अस्वभाविक लाग्न सक्ने तर आफ्नो जीवनका वास्तविक र सरल जीवन-शैलीका केही प्रतिनिधिमूलक दृष्टान्त पनि म यहाँ उल्लेख गर्न चाहन्छु।

(१) मेरो जीवन-शैली र जीवन-बृत्ति सादा, सरल र मितव्ययी किसिमको रहँदै आएको छ। दैनिक प्रयोगका सामान्य किसिमका सामानहरु पनि अपेक्षाकृत धेरै लामो अवधिसम्म संरक्षित र मेरो नियमित प्रयोगमा रहने गरेका छन्। कुनै पनि चिज, वस्तु वा सामानको सम्भवभएसम्म अधिकतम् उपयोग गर्ने उपयोगितावादी किसिमको मेरो जीवन-शैली बनेको छ। चाहे दारी काट्ने मेसिन र ब्रुस होस् अथवा जुत्ता, टोपी, कोट, पाईन्ट जस्ता दैनिक प्रयोगका सामानहरु नै किन नहोस् — त्यसको अधिकतम् उपयोग/सदुपयोग गर्ने मेरो आदत रहँदै आएको छ। मेरो हकमा त्यस्ता नियमित प्रयोगका सामानहरु अरु सार्वजनिक जिम्मेवारीमा रहेका प्रायः मानिसहरुको तुलनामा कम्तिमा पनि दुई/तीन गुणा बढी अवधि टिकाउ हुने गरेको होला भन्ने म ठान्दछु।

(२) सार्वजनिक जीवनमा पनि मैले तडकभडकको मार्ग रोजिन। सामान्य नागरिक जीवन-शैली नै मेरो रुची र प्राथमिकताको विषय बन्यो। म न्यायाधीश पदमा बहाल रहँदाको अवस्थामा मातहत अदालतहरुको निरीक्षण लगायतका कामका सिलसिलामा कुनै उच्च अदालत वा जिल्ला अदालतमा जाँदा खादा, माला सहित लामबद्ध भएर स्वागत गर्ने र **"पिर्के सलामी"** दिने प्रचलन रहेको थियो। अहिलेसम्म पनि यो चलन कायम रहेको भन्ने बुझेको छु। तर मलाई त्यो प्रचलन राणाकालीन सैनिक दर्जाका लप्टन (उनले न्यायाधीशको हैसियतले पनि कार्य गर्दथे) लाई सलामी दिने गरिएको कुराको विरासत हो भन्ने लाग्यो। त्यस कुरामा मैले नागरिक जीवन देखिन। पुनरावेदन अदालतको न्यायाधीश भएको सुरु-सुरुका दिनमा, संयोगले, म आफै पनि त्यस प्रकारका स्वागतका झाँकीहरुको बीचमा पुगेको थिएँ। पछिका दिनमा क्रमशः यो सिलसिलालाई छल्ने, टार्ने बाटो खोज्न थालें। सर्वोच्च अदालतको न्यायाधीश भएपछि भने यो प्रचलनलाई बन्द गर्न नीतिगत निर्णयका लागि मैले सर्वोच्च अदालतको फूलकोर्टमा कुरा उठाएको पनि थियो। त्यसवेला यस विषयमा मेरो र अन्य २/३ जना सहकर्मीहरुको धारणा मिलेको पनि थियो। अन्य २/३ जना सहकर्मीहरुले मधुरो स्वरमा उल्लेखित कुरामा सहमति जनाएका पनि थिए। तर अरु कतिपय स्वनामधन्यहरुको लागि त्यही स्वागत-शैलीप्रति आकर्षण र मोह कायम रहेछ। अधिकांश सहकर्मीहरुले मेरो प्रस्तावलाई स्वीकार गर्न अनिच्छा देखाएको कारणबाट यस विषयमा नीतिगत निर्णय हुन सकेन। तथापि म सहितका हामी २/३ जनाले भने आफूले कुनै ठाउँमा भ्रमण गर्नु पूर्व नै सम्वन्धित अदालतहरुमा खादा, माला र "पिर्के-सलामी" निषेध गर्नु भनेर सन्देश पठाउने गरेका

थियौं। परिणामतः केही अनपेक्षित अपवाद व्यहोर्नु परेको बाहेक हाम्रा हकमा राणाकालीन फौजी शैलीको यो "पिर्के-सलामीको विरासत" धेरै हदमा रोकिएको वा हटेको थियो।

(३) प्रतिनिधिसभा विघटन सम्बन्धी मुद्दामा हामीले २०७८ साल असार २८ गते फैसला गरेपछि गठन भएको सरकारको तर्फबाट हामी सो फैसला गर्ने कार्यमा संलग्न न्यायाधीशहरुलाई विभूषण दिने प्रस्ताव अगाडि सारिएको र हाम्रो सहमतिको लागि हामीसंग अनौपचारिक रुपमा प्रस्ताव गरिएको पनि थियो। त्यस प्रकारको प्रस्तावलाई मैले तत्काल अस्वीकार गरेको थिएँ। सामान्यतयाः राज्यबाट प्रदान गरिने सम्मान, विभूषण न्यायाधीशले पनि ग्रहण गर्न हुन्छ भन्ने नै मान्यता मैले राखे गरेको छु। पहिले पहिले मैले विभूषणहरु ग्रहण गरेको पनि थियो। तर २०७८ सालमा भने खास विवादमा गरिएको निर्णयलाई लक्षित गरेर विभूषण प्रदान गर्न लागिएको भन्ने ठानेर न्यायिक मूल्य, मान्यताप्रतिको निष्ठा र सजगता कै कारणले त्यसबेला विभूषण लिने कुरा अस्वीकार गरियो। विभूषण प्रदान गर्ने उल्लेखित प्रस्ताव राष्ट्रका लागि गरेको सेवा वा योगदानको कदर गरेर सम्मानस्वरुप प्रदान गर्न लागिएको नभएर पारितोषिकको रुपमा दिन खोजिएको भन्ने पनि मलाई त्यसवेला लागेको थियो। प्रस्तावमा असहमति जनाएको परिणामस्वरुप त्यसबेला २०७८ साल असार २८ मा प्रतिनिधिसभा विघटन सम्वन्धी फैसला गर्ने हामी कसैलाई पनि विभूषण प्रदान गरिएन। अरु समयमा विभूषण प्रदान गरिएको हुन्थ्यो भने रमाईलो नै ठानिन्थ्यो होला। तर २०७८ सालमा भने विभूषण प्रदान नगरिएको कुरालाई नै सुखद् परिस्थिति ठानियो।

(४) सन् २०१८ को डिसेम्वरमा Mexico, Cancun मा Electoral Justice सम्वन्धी औपचारिक कार्यक्रमका सिलसिलामा जाँदा मसंग कुटनीतिक पासपोर्ट थियो। Mexico जान अमेरिकाको रुट परेको र त्यहाँ छोरी ईभा समेत रहेको कारणबाट यात्राको क्रममा अमेरिकामा बस्न केही दिनका लागि आफ्नो पाकेको विदा समेत स्वीकृत गराएर गएको थिएँ। यसरी अमेरिका जाँदा र त्यहाँ बसेको करिव एक हप्ता अवधि (निजी भ्रमणको अवधि) मा मैले रातो पासपोर्ट प्रयोग नै गरिन। नेपालबाट प्रस्थान गर्दादेखि अमेरिकामा रहुन्जेल (निजी भ्रमणको अवधिमा) सामान्य पासपोर्ट नै प्रयोग गरेको थिएँ। अमेरिकाबाट Mexico, Cancun जाँदाको अवस्थादेखि स्वदेश फर्कंदासम्म मात्र रातो पासपोर्ट प्रयोग गरियो। यो कुरा पनि सरकारी सुविधाको दुरुपयोग गरिनु हुँदैन भनी मैले राखे गरेको

मान्यताको एउटा उदाहरण हुन सक्तछ। मेरो त्यस प्रकारको व्यवहारको कुरालाई लिएर मेरा कुनै मित्रले **"<u>यो त अति भयो</u>"** भनेको कुराको स्मरण मलाई अहिले पनि छ। मित्रले **"अति भयो"** भनी ठानेको त्यही कुरालाई मैले भने **"<u>आवश्यक र वाञ्छित कुरा</u>"** ठानेको थिएँ।

(५) म सेवा निबृत्त भएको करिव एक/डेढ वर्षपछि नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय गरिएअनुसार सर्वोच्च अदालतका सेवा निबृत्त न्यायाधीशहरुलाई ५ वर्षका लागि निजी सुरक्षाकर्मी (P.S.O.) उपलव्ध गराईएको थियो। मेरालागि पनि त्यसरी सुरक्षाकर्मी खटाईएको र केही महिना निज सुरक्षाकर्मी मसंग रहेका पनि हुन्। तर, सेवा निबृत्त भएर निजी जीवनमा बसेको व्यक्तिले राज्य कोषबाट तलव भत्ता खाने सीमित संख्यामा रहेका प्रहरी अधिकृतहरुलाई आफूसंग राखिरहनु अनुचित कुरा हो भन्ने मलाई लाग्यो। यसलाई राज्यको श्रोत साधनको दुरुपयोग हो भन्ने मैले ठानें। विगतमा जुनसुकै तह वा पदमा पुगेको व्यक्ति भएपनि वर्तमान अवस्थामा कुनै सार्वजनिक जिम्मेवारीमा नरहेका जुनसुकै व्यक्तिले पनि आम नागरिक सरह सामान्य जीवन निर्वाह गर्नु पर्दछ भन्ने मेरो दृष्टिकोण रहँदै आएको छ। त्यसैले मैले आफ्नो स्वेच्छाले नै मलाई प्रदान गरिएको सुरक्षा अधिकृतलाई करिव १० महिना पहिले नै सम्वन्धित कार्यालयमा फिर्ता पठाई दिएको छु। अहिले मसंग कुनै निजी सुरक्षाकर्मी (P.S.O.) छैनन्।

उल्लिखित कुराहरु मेरो सादा जीवन-शैलीका केही प्रतिनिधिमूलक उदाहरण हुन सक्तछन्। यस्ता दृष्टान्तहरु मसंग अरु पनि धेरै छन्। मसंग विविध विकल्पहरु उपलव्ध रहेकै अवस्थामा पनि मैले सरलता र सामान्य नागरिक जीवन अनुकूल कै विकल्प रोजें। तडकभडक, सान-सौकत, आडम्वर जस्ता कुरामा मेरो रुचि रहेन। उपरोक्त कुराहरु केवल मेरो सादा, सरल र एकसरो बाँच्ने जीवन-शैलीका दृष्टान्तका लागि मात्रै यहाँ उल्लेख गरिएको हो। म जे थिएँ, अहिले जे छु, मेरो जीवन-शैली जे जस्तो बन्यो, अनी मेरो जे जस्तो आर्थिक हैसियत छ - यसैमा म खुसी र सन्तुष्ट छु। आफ्नो जीवन-शैलीप्रति म गर्व नै गर्दछु।

मेरो पृष्टभूमि, जीवन-शैली र सम्पत्तिको समग्र विवरण यही नै हो। माथि उल्लेख गरिएको विवरणबाट मेरो वैध आयश्रोत, खर्च विवरण र जीवन शैली सम्वन्धमा सवै कुरा छर्लङ्ग र प्रष्ट हुने नै छ। यसका अतिरिक्त मेरो सदाचार, निष्ठा, ईमान्दारिता र कानूनपरायणताको अरु थप पुष्ट्याई उल्लेख गरिरहनु आवश्यक होला भन्ने मलाई लाग्दैन। माथि उल्लेख गरिए अनुसारका चल अचल सम्पत्ति बाहेक मेरो अन्य कुनै चल वा अचल सम्पत्ति स्वदेश वा

विदेशमा रहेको छैन। मेरो आर्जनको कुनै पनि सम्पत्ति आफ्ना छोरा, छोरी, बुहारी, ज्वाई, दाजुभाई, नातेदार, ईष्टमित्र लगायत अरु कोही-कसैको नाममा राखेको पनि छैन। माथिको विवरणमा उल्लेख भएका व्यहोरा सबै ठिक साँचो छन्।

अब यस उप्रान्त मैले आफ्नो वैयक्तिक तथा सम्पत्ति विवरण सम्बन्धमा पुनः प्रष्ट वा खुलस्त पारिरहनु पर्ने अवस्था आउने छैन भन्ने अपेक्षा पनि अहिले मैले राखेको छु।

**विवरण प्रस्तोताः**

ईश्वर प्रसाद खतिवडा
पूर्व न्यायाधीश, सर्वोच्च अदालत ।

**सम्वत् २०८३ साल असार ३ गते बुधवार ।**

******